खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति" को कमाल
त्रिशक्ति ट्रेक्टर

नजर हमर
राष्ट्रिय दैनिक
मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily



परिषद अध्यक्ष साहको गाडी पुर्वअध्यक्ष सिंह लिएर फरार / पृष्ठ २ मा

वर्ष १ | अंक ३१ | २०७९ साल मंसिर २४ गते शनिवार | Saturday 10, Dec. 2022 | पृष्ठ ८ | मूल्य रु. ५/-

# बारामा 'यमगज'को रजगज, सुनसान हात्तीसार, पर्यटन गतिविधि ठप्प

## हजुरआमाले कसरी गर्छिन् हात्तीको समुहको नेतृत्व

शारदा पोखरेल
बारा, मंसिर २३



दुई महिनाअघि पर्सा राष्ट्रिय निकुञ्ज आएको 'यमगज' (जंगली हात्ती) लाई निकुञ्ज कर्मचारीले गणेश जि यसो नगर्नुस् भन्दा आज्ञाकारी भएर मान्दथ्यो । घर नभत्काउनुस भनेपछि सुरुक्क आफ्नो बाटो लाग्दथ्यो । तर, सोही यमगजले अहिले निकुञ्ज सेनाको गन फायर, राडागन, जेसिभि प्रयोग गर्दा समेत अटेर गर्न थाले पछि पर्सा निकुञ्जका कर्मचारी आजित भएका छन् ।

यमगज करिव १४ वर्ष उमेर समुहको जंगली भाले हात्ती हो । तिहारको यमपञ्चकको दिन मध्यवर्त्ती क्षेत्रभित्र बाखा चराउन गएकी रुकैया खातुनको आक्रमणबाट मृत्यु भएपछि निकुञ्ज कर्मचारीले यस्को नाम 'यमगज' राखेका हुन् । यमगजको रजगजका कारण अहिले निकुञ्ज कर्मचारी मात्रै आजित छैनन् हात्तीसारमा पर्यटन सम्वन्धि सम्पुर्ण गतिविधि समेत ठप्प भएको छ ।

पर्यटनहरुका लागि हात्ती सफारी गर्न राखिएका पोथी हात्तीलाई प्रजननका लागि दुखं दिने, स्थानियहरुको घर भत्काईदिने कार्य गर्न थालेपछि निकुञ्जले सो क्षेत्रबाट सबै हात्ती अन्यत्र सारेको छ ।

अम्लेखगञ्ज स्थित हात्तीसारका कर्मचारी जलेन्द्रप्रसाद चौधरीले पछिल्लो एकडेढ महिनादेखि हात्तीसफारी लगायत पर्यटन प्रवद्धनका सम्पुर्ण काम ठप्प भएको बताए । 'जंगली हात्तीले दुखं दिएर एकडेढ महिना भयो हात्ती सफारी ठप्प छ' चौधरीले भने । हात्तीसारमा आन्तरिक सँगै भारतिय पर्यटकहरु पर्सा निकुञ्जभित्र हात्तीसफारीको लागि आउँने गर्दछन् । हात्ती सफारीका लागि राखिएका हात्तीहरु अन्यत्र सानुपर्दा मानव र हात्तीबीचको द्वन्द्व नियन्त्रण भएपनि,हात्ती पर्यटन प्रभावित भएको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत डा. अशोक रामले जनाएका छन् । 'हाम्रो राजस्व समेत गुमेको छ भने फस्टाउन लागेको पर्यटन समेत हामीले गुमाएका छौं' अशोकरामले भने ।

### कहाँबाट निकुञ्ज आईपुग्यो यमगज ?

यमगज २ महिनाअघि सुनसरी जिल्ला स्थित कोसीटप्पुबाट सप्तरीको तल्लो भाग हुदै लहान, मिचैर्या, धनुषाधाम, ढल्केबर,महोत्तरीको बर्दीबास, सर्लाहीको मुर्त्तिया, रौटहट जिल्ला हुदै बाराको टाँगियावस्तीबाट अम्लेखगञ्ज सम्म आईपुगेको हो । यमगजसँगै २ वटा समुहमा ५ वटा हात्ती सुनसरीबाट हिडेका थिए । आफ्नो समुहमा आएको ३ वटा हात्ती मध्ये बाराको टाँगियावस्तीमा गोली लागेको साथीलाई छोडेर प्रजननको लोभले यमगज सरासर अम्लेखगञ्ज स्थित हात्तीसारमा आईपुगेको पर्सा राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत तथा हात्ती बिशेषज्ञ डा. अशोक रामले जनाएका छन् ।

यमगज अमलेखगञ्ज स्थित हात्तीसारमा महिनादिन बस्ने क्रममा सो क्षेत्रमा रहेको नारायणगज नामक घरपालुवा भाले हात्तीलाई आक्रमण गर्न थालेपछि निकुञ्जले घरपालुवा भाले हात्तीलाई निकुञ्जको मकवानपुर क्षेत्रमा रहेको लामिटारमा पठाएको छ । यमगजले हात्तीसारमा रहेका ७ वटा हात्तीमा पालैसित प्रजनन कार्य गरेको निकुञ्जले जनाएको छ । प्रजनन् पछि पनि स्वभावका परिवर्तन नआएपछि निकुञ्जले कात्तिक पहिलो साता यमगजको दाह्रा काटिदिएको छ । हात्तीसारमा रहेका पोथी हात्तीलाई २५ किलोमिटर पश्चिम तर्फ रहेको निकुञ्जको रामहोरी भाटामा स्थानान्तरण गरेको छ ।

यमगजले सो क्षेत्रमा पनि पुगेर पोथी हात्तीलाई दुख दिन नछाडेपछि घरपालुवा हात्तीको चरिचरन समेत प्रभावित भएको प्रमुख अशोक रामले जनाएका छन् । 'दैनिक घाँस काटेर खुवाउनुपर्ने र पानी खानेबेलामा पनि यमगजलाई खोदेर घरपालुवा हात्तीलाई खोलेर पानी खुवाउने पने 'बाध्यता छ हामीलाई' उनले भने । हात्तीलाई सामान्यता दैनिक डेढदेखि दुईसय किलो खानेकुरा आवश्यकता पर्दछ । २ महिनाअघि सम्म दैनिक ८ देखि १० घन्टा जंगलमा चरिचरन गर्ने हात्तीहरुलाई बाधेर घाँस काटेर खुवाउँदा पेट नै भर्न समस्या भएको निकुञ्जले जनाएको छ ।

### हजुरआमाले कसरी गछिन् हात्तीको समुहको नेतृत्व ?

हात्ती समुहमा बस्ने प्राणी हो । नेपालमा सबैभन्दा ठुलो हात्तीको समुह शुक्लाफाँटमा ८७ वटा हात्तीको छ भने सबैभन्दा सानो समुह ११ वटा छ । हात्तीको समुहको नेतृत्व हजुरआमा हात्तीले गर्ने गर्दछिन् । हजुरआमा हात्तीले चरिचरनका लागि कहाँ जाने,प्रजनन् कुन भाले हात्तीबाट गराउने देखि सम्पुर्ण शासन प्रशासन, निर्णय गर्ने गर्दछिन् । समुहमा प्रजननका लागि एउटा र समुहको सुरक्षाको लागि २ वटा गरेर ३ वटा भाले हात्ती एउटा समुहमा हुने गर्दछ । वशं बिस्तारका लागि राम्रो होस् भनेर बलियो जिङ्ग टान्सफर गर्नका लागि हजुरआमा हात्तले जो पायो त्यहीसँग प्रजननका लागि अनुमती दिदिईनन् । उमेर नपुगेको भाले हात्तीले प्रजनन् गर्यो भने त्यसबाट जन्मने बच्चाहरु कमजोर, लुलो लङ्गगडो हुने भएकोले बच्चा जन्मने बित्तिकै उठेर हिड्न नसक्ने भएकोले समुहभित्र बलियो हात्ती प्रजननको लागि राखिएको हुन्छ ।

प्रजननका लागि छनोट गरिएको हात्ती कुनै कारणवशं कमजोर भयो भने त्यसको ठाँउमा अन्य २ वटा हात्ती तयारी अवस्थामा राखिएको हुन्छ । सामान्यतया ८ देखि २० वर्ष उमेर समुहका हात्तीहरुलाई टिनएजर मानिन्छ । पोथी हात्तीहरु १० वर्षपछि र भाले हात्ती १५ वर्षपछि प्रजननको लागि योग्य हुन्छन् । टिनएजर हात्तीहरुमा नयाँ किसिमको हार्मोनहरु उत्पादन हुने भएकाले यो उमेर समुहका हात्तीहरु बढी आक्रामक, झगडा गर्ने जथाभावी प्रजनन् गर्न खोज्ने र उत्ताउलो स्वभावका हुन्छन् । उमेर नपुग्दै उत्ताउलो व्यवहार देखाउने हात्तीलाई समुहको अभिभावक हजुरआमा हात्तीले समुहबाट बाहिर निकालिदिन्छिन ।

- बाँकी पृष्ठ ६ मा

# शुल्क निर्धारणले अभिभावकलाई राहत : प्रमुख राजेशमान

## अभिभावक सघर्ष समिति जिल्ला प्रशासनमा दर्ता



मधेशदृष्टि
वीरगञ्ज, मंसिर २२ ।

स्थानिय तहमा देशमै पहिलो पटक वीरगंज महानगरपालिकाले नगर क्षेत्रका निजी विद्यालयहरुको वर्गीकरण सँगै शुल्क निर्धारण गरेर अभिभावकहरुको पक्षमा काम गरेको महानगर प्रमुख राजेशमान सिंहले बताएका छन् ।

सिंहले शुक्रबार पत्रकार सम्मेलनको आयोजना गर्दे नेपालमै पहिलो पटक बीरगंज महानगरपालिकाले नगर क्षेत्रका ५८ वटा निजी विद्यालयहरुको बर्गीकरण गरी शुल्क निर्धारण गरेको जानकारी दिए ।

महानगरले गरेको निर्णयको विरोधमा अभिभावकहरुले गरेको विरोधको आलोचना गर्दे सिंहले भने 'महानगरपालिकाको निर्णयले आम सर्वसाधारण अभिभावकलाई राहत भए पनि अभिभावकको नाममा गठित संघर्ष समितिले राम्रो कार्यको विरोध गर्दा विचार गनुपर्छ ।'

सिंहले अभिभावकको नाममा कानुन विपरित गठन भएको अभिभावक संघर्ष समितिलाई महानगरपालिकाले मान्यता

- बाँकी पृष्ठ ६ मा

# संजय टकलाकी बहिनी अनिता जनमतबाट बनिन् सांसद

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २३

डाक्टर सीके राउत नेतृत्वको जनमत पार्टीले समानुपातिकमा पठाउने सांसदको नाम टुंग्याएको छ ।

जनमतले प्रदेश सभा सदस्यतर्फ समानुपातिकमा जनकपुर बमकाण्ड र संचारउद्यमी अरुण सिंघानियाको हत्या आरोपमा जेलमा सजाय भोगिरहेका संजय साह (टकला) की बहिनी अनिताकुमारी साहलाई पनि चयन गरेको छ ।



जेल सजाय भोगिरहेका संजय साह टकला धनुषाका चर्चित नेता मध्येका एक हुन । साह धनुषा क्षेत्र नम्बर ३ बाट संविधान सभा सदस्यमा दुई/दुई पटक निर्वाचित भइसकेका छन । साह भौतिक पुर्वाधार विकास राज्यमन्त्री समेत भइसकेका छन ।

टकला बहिनी अनिता साहको बिहे महोत्तरीमा भएको हो । उनका श्रीमान रामबाबु साह जनकपुर सडक डिभिजन कार्यालयका प्रमुख हुन् । उनको माइत धनुषा र ससुरा महोत्तरी रहेपनि नागरिकता भने कैलालीबाट लिएको निर्वाचन आयोगको रेकर्डमा देखिएको छ । आयोगले प्रकाशित गरेको समानुपातिक सूचीमा उनको नागरिकता ३७९ कैलाली र मतदाता नम्वर २४४७४९७८ रहेको छ

जनमत पार्टीमा अनिताकुमारी साहको खासै योगदान नरहेको भन्दै पार्टीभित्र र बाहिर त्यसको आलोचना हुन थालेको छ । तर जनमत पार्टीका केन्द्रीय सदस्य अञ्जनीदेवी मण्डल (महोत्तरी) ले अनिताकुमारी साह पार्टीकै नेतृ रहेको दावी गरिन् । उनले भनिन् 'अनिताकुमारी साह पार्टीकै मान्छे हुनुहुन्छ, उहाँ गत स्थानीय चुनावदेखि पार्टीमा

- बाँकी पृष्ठ ६ मा

२० औ बार्षिकोत्सवको उपलक्ष्मा
रक्तदान कार्यक्रम
यहाँ, यहाँको परिवार तथा आफन्तहरुलाई जीवनको यस महत्वपूर्ण कार्यमा अमुल्य योगदानको लागि हार्दिक निमन्त्रणा गर्दछौं ।
मिति: २०७९।८।२४ गते शनिवार, विहान ७ बजेदेखि
रेडियो वीरगंजको परिषर मुर्लि बगैचा, वीरगंज
RADIO Birgunj 99 fm.
रेडियो वीरगंज ९९ एफ. एम.
फोन नं. ०५१-५२८२९९, ९८५५०२१२८१
20th ANNIVERSARY

# सप्तरीमा १५ बेड अस्पतालको शिलान्यास

विनय कर्ण
सप्तरी, २३ मंसिर ।

सप्तरीको रुपनी गाउँपालिका वडा नम्बर २ मा शुक्रबार १५ वेड अस्पतालको शिल्यानाश गरिएको छ ।

गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले वडा नम्बर २ स्थित लौवापार फिल्डमा अस्पतालको शिल्यानाश गरेका हुन् ।

कुल लागत रु. १४ करोड ८० लाख ६२ हजार २५३ मा एच पी सी कन्स्ट्रक्सनले अस्पतालको भवन बनाउन लागेको रुपनी गाउँपालिकाले जनाएको छ ।

नेपाल सरकारको नीति अनुरूप १५ बेडको अस्पताल बनाउन लागिएको गाउँपालिका अध्यक्ष यादवले जानकारी दिए । उनले अस्पतालको निर्माण भएपछि यहाँका जनतालाई गाउँमै उपचार गराउन सहज हुने बताए ।

२०८१ मंसिर १७ सम्ममा अस्पतालको निर्माण काम सकिएर यहाँबाट आकस्मिक र ओपीडी लगायतका सेवा प्रवाह हुने अध्यक्ष यादवको भनाई छ ।



शिल्यानाश कार्यक्रममा गाउँपालिकाका उपाध्यक्ष पुष्पा श्रेष्ठ लौगी, प्रमुख प्रशासकीय अधिकृत अरविन्द चौधरी र ६ वटै वडाका वडाध्यक्षहरुको उपस्थिती थियो ।

# बारामा एचआईभी संक्रमितहरुको अवस्था नाजुक, बालबच्चाहरु शिक्षाबाट बंचित

मधेशदृष्टि
बारा, मंसिर २३

बारामा एचआईभी संक्रमितहरुको आर्थिक अवस्था दिनानुदिन कमजोर हुदैं गएपछि तिनका बालबच्चाहरु शिक्षाबाट बंचित हुन पुगेका छन् । जिल्लामा १ सय ८१ जना संक्रमित रहेकोमा ६ जना पर्सा जिल्लामा गएका छन् भने ५ जनाको मृत्यू भएको ब्लु हेभेन नेपाल बाराको तथ्याँकमा उल्लेख रहेको छ ।

बाँकी रहेका १ सय ७० जनाले बारा जिल्लाको विभिन्न ठाँउमा बसी आफुलाई पायक पर्ने ठाँउबाट नेपाल सरकारद्धारा निशुल्क रुपमा उपलब्ध गराईएको औषधी सेवन गरिरहेको ब्लु हेवेन बाराकी कार्यक्रम संयोजक पुर्णिमा श्रेष्ठले जानकारी दिईन ।

सयौको संख्यामा संक्रमितहरुको बालबच्चाहरु शिक्षाको प्रकाशबाट टाढा भएका छन् । गरिबीको रेखा मुनि रहेको २ बर्ष देखि करिब ५० बर्ष सम्म उमेरका बालक, बालिका, महिला, पुरुषसमेतमा एचआईभी एडसको संक्रमण देखिएको छ ।

जनचेतनाको अभाव,लापरबाही बिना कण्डम सहवास गर्ने गरेको हुँदा यो रोगको शिकार हुने गरेको संस्थाको एक अध्यनले देखाएको छ । रोग लागे पछि कामकाज गर्नमा समेत अप्ठयारो हुने हुँदा हातमुख जोर्नलाई समस्या सृजना हुने भएकोले बालबच्चाहरुको पठनपाठनमा असर परिरहेको छ ।

इच्छा हुँदाहुँदै गरिबीका बालबालिका स्कुल जानबाट बंचित भएका छन् । उनीहरुले आफनो ईच्छा अकाक्षा दबाएर परिवार पालन श्रम गर्न बाध्य हुने गरेका छन् । उनीको आवाज, ब्यथा कसले सुनिदिने हो कार्यक्रम संयोजक श्रेष्ठले भनिन् ।

संस्थाबाट पटक पटक लिखित, मौखित रुपमा स्थानिय सरकारलाई संक्रमितहरुका लागि बजेट छुटयाई तिनीहरुको लालनपालन देखि बालबाच्चाहरुलाई शिक्षा, दिक्षामा सहयोग गर्नका लागि पहल गरे पनि अहिलेसम्म कुनै प्रकारको कुनै पालिकाबाट सहयोग उपलब्ध नभएको ब्लु हेवेन नेपालले जनाएको छ ।

यो रोग दिनप्रति दिन बढ्दै गईरहेको ब्लु हेवेन नेपालका केस ईन्चार्ज सरोज ठाकुरले बताए । दिनहु जसो ४ देखि ५ जना सम्म चेकअप गराउन संस्थामा आउने गरेको ईन्चार्ज ठाकुरले जानकारी गराए । त्यतिमात्र नभई १५ जना कर्मचारीहरु फिल्डमा जाने गरेको बताउदै फिल्डमा पनि एचआईभीको निशुल्क रुपमा चेकजाच गर्ने गरेको ईन्चार्ज ठाकुरले भने ।

विभिन्न दातृ निकायलेसंक्रमितहरुका लागि पहलकदमी गरेको भएपनि केही समयका लागि मात्र भएको हुदा जिल्लाको १६ वटा स्थानिय तहले नै आफनो पालिकामा रहेको संक्रमितहरुलाई ब्लु हेभेन नेपाल बारासंग सहकार्य गरि पहिचान गर्दे तिनका बालबाच्चाहरुका लागि शिक्षा,उनीहरुको लागि गाँसबास उपलब्ध गराउदा संक्रमितहरुका लागि निकै नै प्रभावकारी हुनेथियो । संक्रमितहरुको मानव अधिकारको रक्षा, यौन स्वास्थ्यको रक्षा गर्न पहिलो कर्तब्य रहेको हुदा यो रोगबाट बच्नका लागि पनि संस्थाले पुर्व तयारी समेत गदै रोगबाट बच्न जनचेतना जगाउदै, कण्डम, लुब्रीकेटको प्रयोग गरि आफनो यौन साथीसंग सहबास गर्ने, रोगको केहि लक्षण देखिएको खण्डमा सोबाट बच्न प्रेप नामक औषधी दिने गरेको ब्लु हेभेन नेपाल बाराका अध्यक्ष कृष्णबहादुर थापाले जानकारी गराए ।

जिल्लामा ४० जना तेस्रो लिङ्गी, ७ जना बच्चा, ८० जना पुरुष, ४३ जना महिला एचआईभी रोगबाट संक्रमित छन् ।

एचआईभी संक्रमित तेस्रो लिङ्गीहरुले त आफनो परिवार पाल्न जसोतसो गरेर बिहे, ब्रतबन्धमा नाचगान गरि केही पैसा कमाएर गुजारा चलाउने गरेको बाध्यता सुनाए । हाम्रो पनि अरु सरह बाच्न पाउने अधिकारको ग्यारेन्टी सरकारले गरिदिए सुनमा सुगन्ध थपिने थियो एक संक्रमितले भने । हामीलाई हेर्ने दृष्टिकोण निकै नै फरक रहेको बताउँदै समुदायमा हामीलाई हेर्ने सोचमा परिवर्तन हुनुपर्ने धारणा एक महिला संक्रमितले दुखेसो पोखिन । जिल्लामा तेस्रो लिगीं करिब ५ हजार खुलेर आएका छन् भने १ करिब हजार जति लुकेर बसेको ब्लु हेभेन नेपाल की कार्यक्रम संयोजक श्रेष्ठले बताइन् ।

# परिषद अध्यक्ष साहको गाडी पुर्वअध्यक्ष सिंह लिएर फरार

मधेशदृष्टि
जनकपुरधाम, मसिंर २३ ।

वृहतर जनकपुरधाम क्षेत्र विकास परिषदका अध्यक्ष शितल साह चढ्दै आएको गाडी सिंहदरबारबाटै गायव गरिएको छ । परिषदका अध्यक्ष चढने बा. २ भ्र ३०५३ नम्वरको ईसुजु डब्बल केविन गाडी संस्कृती, पर्यटन तथा नागरिक उडयन मन्त्रालयबाट पुर्व अध्यक्ष सालीग्रामले लिएर फरार भएको आरोप लगाइएको छ । वृहतरका अध्यक्ष साहले आफुले पार्किङ्ग गरेको गाडी लिएर पुर्व अध्यक्ष सालीग्राम सिंह फरार भएको आरोप लगाएका छन । सिंहले गाडी आफै चलाएर दिउँसो १ बजेर ३५ मिनेटमा मन्त्रालयबाट फरार भएको साहले भने ।

घटना लगतै अनुसन्धानका लागि गाडीका सवारी चालक धनिराम मण्डल प्रहरीले नियन्त्रणमा लिएका छन् । मण्डलले पुर्व अध्यक्ष सिंह जबर जस्ती गाडीको साँचो खोसेर



भागेको प्रहरी समक्ष बयान दिएका छन । गाडी लिएर फरार सिंह विरुद्व उजुरी परेको छ भने प्रहरीले उनको खोजविन गरिरहेको अध्यक्ष साहले बताए । सिसिटिभी फुटेज हेर्दा गाडी चालक मण्डलको समेत मिलिभगत रहेको र उनले सहमतीमै साँचो सिंहलाई दिएको देखिन्छ, साहको भनाई छ । सिंह गाडी लिएर सिंहदरबारबाट फरार भइसकेपछि मात्र चालक मण्डलले जानकारी गराएकाले समेत प्रहरी नायव उपरिक्षक नेतृत्वको टोलीले चालक मण्डललाई नियन्त्रणमा लिई अनुसन्धान थालिएको र गाडीको खोजी भइरहेको साहले बताए ।

# पिकअपको ठक्करबाट एकको मृत्यु

मधेशदृष्टि
सिरहा, मंसिर २३ ।

सिरहाको लहानमापिकअपको ठक्करबाट एक पैदलयात्रीको मृत्यु भएको छ ।

दुर्घटनामा परेर घाइते भएकादुवैको धमिनी अस्पतालमा उपचार भइरहेकामाउपचारकै क्रममा मुकेश साहको मृत्यु भएको हो ।

जिल्लाको लहाननगरपालिका ३ माबिहीबार रातिभएको सो दुर्घटनामा धनुषाको जनकपुरधामउपमहानगरपालिका २३ का २४ वर्षीय मुकेश साह र २२ वर्षीय विवशखनाल घाइते भएकाथिए । घाइते खनालको स्थानीय अस्पतालमा उपचार भइरहेको सिरहाप्रहरीले जनाएको छ ।

बा १९ च ६९३२ नम्बरको पिकअपले बिहीबार राति साढे ११ बजे पैदलयात्रीद्वयलाई ठक्कर दिएको हो । सवारी साधन र चालकप्रहरीको नियन्त्रणमा रहेको इलाकाप्रहरी कार्यालय लहानले जनाएको छ ।

# बन्द गरुडाको श्रीराम सुगर मिलको सामान चोरी

मधेशदृष्टि
वीरगंज, मंसिर २३

दुई वर्षदेखि पुर्णरुपमा बन्द गरुडा को श्रीराम सुगर मिलको सामान चोरी हुन थालेको छ । मिलको मेसिन सञ्चालन गर्ने मोटर र केही फलामे समान चोरी हुन थालेको बताइएको छ । मिल बन्द भएपछि चौकीदारले बाहिरी भागको रेखदेख गर्दै आएका छन । मिलमा चिनी, स्प्रिड र केमिकल उत्पादन हुन्थ्यो । तर, पछिल्लो १० वर्ष अघिदेखि लक्ष्यभन्दा कम उखु क्रसिङ गर्न थालेपछि मिलले घाटा बेहोर्नुपरे भन्दै बन्द गरेको थियो । इलाका प्रहरी कार्यालय गरुडाले मिलको फलाम चोरी गरेको आरोपमा दुई जनालाई पक्राउ पनि गरेको थियो । उनीहरू पक्राउ पर्नुअघि मिलका मोटरसमेत चोरी भएको प्रहरीले जनाएको छ । मिलका सहायक प्रशासकीय अधिकृत श्याम यादवले चारैतिर पर्याप्त घेराबेरा नभएको र सुरक्षागार्ड अभावले सामानहरू चोरी भएको बताए । मिलको पूर्वी भागका घेराबेरा स्थानीयले भत्काइदिएका छन् ।

त्यहीबाट मानिसहरू भित्र प्रवेश गर्दै आएका छन । अहिले ५/६ जना सुरक्षागार्डले मिलको रेखदेख गरिरहेका छन । मिल बन्द अगावै २ अर्ब १७ करोड ७५ लाख रुपैयाँ घाटा भएको भन्दै कर्मचारी हटाएको थियो । तीन महिनाअघि तत्कालीन संघीय संसद्को उद्योग तथा वाणिज्य र श्रम तथा उपभोक्ता हित समितिको टोली ले मिलको अवस्था हेरेर गएको थियो । समितिले किसान, कर्मचारी युनियन, मजदुर संघका पदाधिकारी लगायतलाई भेटेर फर्केको थियो ।

मिल बन्द हुनुको कारण, किसानका समस्याबारे छलफल भएको उखु उत्पादक संघका अध्यक्ष अशोक यादवले बताए । २६ वर्षदेखि सञ्चालनमा रहेको चिनी मिल बन्द हुँदा सिजनल, रेगुलर र करार गरी ३ सय २५ जना कर्मचारी मिलले हटाएको थियो ।

मिल स्थापनाको केही वर्षसम्म मुनाफामा चलेको थियो । बारा, पर्सा, रौतहटका किसानको एक सिजनमा ३० लाख क्विन्टलसम्म उखु क्रसिङ गर्ने मिलको लक्ष्य थियो ।

# पर्साको बहुदरमाईमा पूर्ण खोप गोष्ठी

मधेशदृष्टि
वीरगंज,मंसीर २३

पर्साको बहुदरमाई नगरपालिकाको कार्यालयमा पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना समीक्षा गोष्ठी शुक्रवार सम्पन्न भएको छ ।

स्वास्थ्य कार्यालय पर्सा मधेश प्रदेशको आयोजनामा तथा नगरप्रमुख सिगांसन साहको प्रमुख आतिथ्यमा १२ महिना देखि २३ महिना सम्मको मुन्नी बच्चाहरुको लागि सम्पूर्ण खोप पाईसकेको अवस्थामा पालिका स्तरीय पूर्ण खोप तथा दिगोपना



समीक्षा गोष्ठी कार्यक्रम सम्पन्न भएको हो । जिल्ला स्वास्थ्य कार्यालय पर्सा शाखाका खोप शाखा प्रमुख भागीरथ चौधरी तथा बहुदरमाई नगरपालिकाको स्वास्थ्य शाखा प्रमुख बिरेन्द्र साहले नगरपालिका अन्तर्गतका स्वास्थ्य चौकीका प्रमुखहरुलाई पूर्ण खोप तथा दिगोपना गोष्ठी समीक्षाको बारेमा प्रशिक्षण दिएका थिए । कार्यक्रममा बहुदरमाई नगरपालिका का उप-प्रमुख सुस्मा कुश्वाहां, निमित्त प्रशासकिय प्रमुख बिदुर उप्रेती, स्वास्थ्य चौकी बैरियबिर्ताका स्वास्थ्य प्रमुख हरेराम साह, स्वास्थ्य चौकी नगरदाहाका स्वास्थ्य प्रमुख प्रियांका यादव, बिरेन्द्र यादव,प्रमोद पटेल, बहुदरमाई नगरपालिकाका वडाध्यक्ष बिरेन्द्र यादव, पुन्नीलाल साह,रबी गुप्ता, जितेन्द्र पटेल लगायतको उपस्थिति रहेको थियो ।

# महिला हिंसा विरुद्ध र्‍याली

मधेशदृष्टि
सप्तरी, मंसिर २३ ।

सप्तरीको राजविराजमा लैङ्गिक हिंसा विरुद्ध शुरु भएको १६ दिने अभियान अन्तर्गत शुक्रवार र्‍याली निकालिएको छ । 'सभ्य समाजको पहिचान लैङ्गिक हिंसा विरुद्धको अभियान' मूल नारा लेखिएको ब्यानर र प्लेकार्ड सहित निकालिएको र्‍यालीले राजविराजको विभिन्न भागमा परिक्रमा गरेको हो ।

जिल्ला स्वास्थ्य कार्यालय सप्तरीको सम्न्वयमा स्वास्थ्य पोषण शिक्षा तथा कृषि अनुसन्धान विकास नेपाल, राजविराज (हर्ड नेपाल) ले आयोजना गरेको एक्यवद्धता र्‍यालीमा छिन्नमस्ता हेल्थ साइन्स कलेज सप्तरी, मल्टीपल कलेज, यूनिक कलेज र नेपाल प्रहरी लगायतकाले सहभागीता जनाए । हर्ड नेपालका अध्यक्ष राकेश यादवले लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियानलाई सफल बनाउन र्‍याली प्रदर्शन गरिएको बताए । उनले लैङ्गिक हिंसा विरुद्ध जागरण ल्याउन र हिंसामा परेका पीडितहरुको जिवन सहज बनाउन यो अभियानले मद्दत पुग्ने विश्वास व्यक्त गरे । नोभेम्बर २५ देखि १० डिसेम्बर सम्म लैङ्गिक हिंसा विरुद्ध १६ दिने अभियान विभिन्न कार्यक्रम गरी मनाईदैछ ।

## विदेशी विनिमय दर

### Fixed Rate

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| Indian Rupee (INR) | 100 | 160 | 160 . 15 |

### Open Market Rates

| Currency | Unit | Buying | Selling |
|---|---|---|---|
| USD (U.S. Dollar) | 1 | 131.58 | 132.18 |
| EUR (European Euro) | 1 | 138.11 | 138.74 |
| GBP (UK Pound Sterling) | 1 | 160.10 | 160.83 |
| CHF (Swiss Franc) | 1 | 139.67 | 140.30 |
| AUD (Australian Dollar) | 1 | 88.42 | 88.82 |
| CAD (Canadian Dollar) | 1 | 96.25 | 96.69 |
| SGD (Singapore Dollar) | 1 | 96.94 | 97.38 |
| JPY (Japanese Yen) | 10 | 9.61 | 9.65 |
| CNY (Chinese Yuan) | 1 | 18.87 | 18.96 |
| SAR (Saudi Arabian Riyal) | 1 | 34.99 | 35.15 |
| QAR (Qatari Riyal) | 1 | 36.00 | 36.17 |
| THB (Thai Baht) | 1 | 3.78 | 3.80 |
| AED (UAE Dirham) | 1 | 35.82 | 35.99 |
| MYR (Malaysian Ringgit) | 1 | 29.92 | 30.06 |
| KRW (South Korean Won) | 100 | 9.97 | 10.02 |
| SEK (Swedish Kroner) | 1 | 12.64 | 12.70 |
| DKK (Danish Kroner) | 1 | 18.57 | 18.65 |
| HKD (Hong Kong Dollar) | 1 | 16.90 | 16.98 |
| KWD (Kuwaity Dinar) | 1 | 428.61 | 430.57 |
| BHD (Bahrain Dinar) | 1 | 349.02 | 350.61 |

## ----- राशिफल -----

**मेष - ARIES** चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आज आफन्त सँग भेट घाट हुनेछ । आफ्नो क्षेत्रमा प्रभुत्व जमाउन सकिनेछ । स्वादिष्ट भोजन पाइनेछ । एउटै कामबाट दोहोरो लाभ मिल्नेछ ।

**वृष- TAURUS** इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
सरकारी निकायको भय रहला । व्यवसायमा नोक्सानी बेहोर्नु पर्नेछ । परिवारमा झैझमेलाको अवस्था आउला, साँझमा शुभ समाचार पाइनेछ ।

**मिथुन - GEMINI** का,कि,कु,घ,ङ,छ,के,को,ह
अरुलाई प्रभावित पारेर काम बन्नेछ । मनोरञ्जनमा सहभागी भइएला । पारिवारिक सद्भाव बढ्नेछ । व्यापारव्यवसायमा पर्याप्त लाभ मिल्नेछ ।

**कर्कट - CANCER** हि,हु,हे,हो,डा,डि,डु,डे,डो
आत्मविश्वास र पराक्रममा वृद्धि हुनेछ । अचल सम्पत्ति हात पर्ने योग छ । आँटेको र ताकेको कार्य पुरा होला । पुँजी बजारमा पनि फाइदा हुनेछ ।

**सिंह - LEO** मा,मि,मु,मे,मो,टा,टि,टु,टे
आज प्रेमीको सहयोग प्राप्त हुनेछ । दाम, इनाम र प्रतिष्ठा कमाउने वेला छ । न्यायिक कार्यमा सफलता मिल्नेछ । शुभकार्यको चर्चा पनि चल्नेछ ।

**कन्या - VIRGO** टो,प,पि,पु,ष,ण,ठ,पे,पो
बन्न लागेको काम बिग्रनेछ । प्रेममा बाधाका साथै मन कमजोर रहला । दुष्ट व्यक्तिको सङ्गतिले आत्मघाती काम गर्न पुगिएला सचेत रहनुहोला ।

**तुला - LIBRA** र,रि,रु,रे,रो,ता,ति,तु,ते
आज दाम, इनाम र प्रतिष्ठा कमाउने बेला छ । शुभकार्यको चर्चा चल्नेछ । परिवारमा सुख सन्तोष छाउनेछ । कला र गलाको प्रभाव पनि बढ्नेछ ।

**वृश्चिक - SCORPIO** तो,ना,नि,नु,ने,नो,या,यि,यु
आज रोकिएको धन पाइन सक्छ । धर्म, कर्म, परोपकार र समाजसेवा जस्ता कार्यमा मन लाग्नेछ । अतिथिको रूपमा सत्कार पनि पाइनेछ ।

**धनु- SAGITTARIUS** ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
नयाँ कार्यको थालनी हुनेछ । लगनशीलताले कामहरू अगाडि बढ्नेछन् । वित्तिय संस्थाबाट सहयोग पाइनेछ । पदोन्नतिको सम्भावना प्रबल छ ।

**मकर - CAPRICORN** भो,ज,जि,खि,खु,खे,खो,गा,गि
आज लाभहानी, सुखदुःख बराबरी मध्यम खालको दिन छ । ठुलो कारोबारमा लगानी नगर्दा वेश हुनेछ । वैदेशिक कार्य चैं सम्पादन हुनसक्छ ।

**कुम्भ - AQUARIUS** गु,गे,गो,सा,सि,सु,से,सो,द
आज शुभ समाचार सुन्न पाइएला । वैदेशिक क्षेत्रको काम अघि बढ्नेछ । राज्यबाट मान सम्मान पाइनेछ । सामाजिक क्षेत्रमा सफलता मिल्नेछ ।

**मीन - PISCES** दि,दु,थ,झ,ञ,दे,दो,च,चि
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । आकस्मिक धन लाभ हुनेछ । जोशजाँगर र हिम्मत बढ्नेछ । प्रेम जीवन सुखमय नै हुनेछ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँभझा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |




महोत्तरी जिल्ला अस्पताल जलेश्वरमा जडान गरिएको ग्यास प्लान्ट ।

*तस्बिर : सञ्जीतकुमार मण्डल / रासस*

# फर्जी कागजातको आधारमा २४ वर्ष देखी जाँगिर खाँदै

मधेशदृष्टि
जनकपुरधाम, मंसिर २३ ।

गत २४ वर्षदेखि फर्जी कागजातको आधारमा सिरहाको विष्णुपर गाउँपालिकामा नायब सुब्बा पदमा एक कर्मचारी काम गर्दै आएको रहस्य खुलेको छ ।

एक आईएनजीओको सहजकर्ताकारूपमा ६ महिनाका लागि करारमा तत्कालीन जिल्ला विकास समितिमा जागिर पाएका महेन्द्रप्रसाद यादव फर्जी कागजात पेश गरी सबैलाई झुक्याएर नायब सुब्बाको जागिर खाँदै आएको भन्ने कुरा राष्ट्रिय शतर्कता केन्द्रले पुष्टि गरेको छ ।

राष्ट्रिय शतर्कता केन्द्रका सूचना अधिकारी हरिप्रसाद शर्माले सिरहाको विष्णुपुर गाउँपालिका कार्यालयमा नायब सुब्बा पदमा कार्यरत महेन्द्रपसाद यादव फर्जी कागजात पेश गरी २४ वर्षदेखि जागिर खाँदै तलब भत्ता बुझ्दै आएको कुरा अनुसन्धान खुलेको र कारवाहीका लागि सो अनुसन्धानको प्रतिवेदन अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई बुझाई सकिएको बताएका छन ।

हाल सिरहाको विष्णुपुर गाउँपालिकाको प्रशासन फाँटमा नायब सुब्बा पदमा कार्यरत यादव २०५५ सालमा सहयोगी संस्था नामक एक अन्तराष्ट्रिय गैरसरकारी संस्थाले स्थानीय ट्रस्ट फन्ड बोर्डमार्फतगाउँ विकास कार्यक्रम सञ्चालनबाट तत्कालीन जिल्ला विकास समितिमा कर्मचारी नभई सामाजिक परिचालकको रुपमा उनी छिरेका थिए । ६/६ महिनामा करारनामा नवीकरण गर्ने तर कार्य सन्तोषजनक नभए करारनामा नवीकगरिने शर्तमा मासिक एकमुष्ठ ४ हजार रुपैयाँ पारिश्रमिक पाउने तथा अन्य कुनै सेवा सुविधा नपाउने उनलाई सो गैरसरकारी संस्थाले उनलाई नियुक्त गरेको थियो । उनी नियुक्त भएको अर्को ६ महिनामा करारनामा नवीकरण भएको नदेखिएको राष्ट्रिय शतर्कता केन्द्रले गरेको अनुसन्धानबाट खुलेको छ ।

उनको करारनामा नवीकरण नभएपछि जागिर स्वतः सकिएको भएपनि उनीफर्जी कागजातको आधारमा साविकको जिल्ला विकास समितिदेखि जिल्ला समन्वय समिति हुँदै हाल सिरहाको विष्णुपुर गाउँपालिकामा नायब सुब्बा पदमा कार्यरत रही निजामति कर्मचारी सरह सेवा सुविधा लिदैं आएको शतर्कता केन्द्रको ठहर छ ।




अनुसन्धानमा २०६६ असार १२ गते तत्कालीन स्थानीय विकास अधिकारी रामअयोध्या महतोको अध्यक्षतामा बसेको सर्वदलीय बैठकबाट स्थानीय विकास कोष (एलडीएफ) र गरीबसँग विश्वेश्वर कार्यक्रमका कर्मचारीहरूलाई ऐन नियमबमोजिम प्रक्रिया पुर्याएर पदपूर्ति गर्ने निर्णय गरिएको थियो ।

सो निर्णय बमोजिम असार १७ गतेस्थानीय विकास कोष, जिल्लामा रहेका ७ जना र फिल्डमा रहेका ४ जना गरी कुल ११ जनालाई अर्को व्यवस्था नहुञ्जेलसम्म जिविसको आन्तरिक कोषबाट तलब खुवाउने निर्णय गरिएको थियो । तर ती ११ जना कर्मचारी मध्ये यादव त्यसमा परेन तर जिल्ला विकासबाट काम गर्दै तलब भत्ता खाएको अनुसन्धानमा खुलेको राष्ट्रिय सतर्कता केन्द्रका अनुसन्धान अधिकृत प्रहरी नायब उपरीक्षक बुद्धिराम खनालले बताएका छन ।

त्यसपछि २०६७ पुस ७ गते तत्कालीन स्थानीय विकास अधिकारी लालमणि ओझाको अध्यक्षतामा बसेकोसर्वदलीय बैठकबाट स्थानीय विकास कोषमा कार्यरत कर्मचारीहरूलाई नियमानुसार प्रक्रिया पूरा गरेर जिल्ला विकास समितिमा आन्तरिकीकरण गर्ने निर्णय गरिएको थियो ।

'२०७० फागुन ११ गते समेत जिल्ला परिषदको निर्णयानुसार २०७१ वैशाख १२ गते स्थानीय विकास कोष तथा गरीबसँग विश्वेश्वर कार्यक्रममा सहायक स्तरको चौथो र पाँचौं तहमा कार्यरत कर्मचारीलाई जिविसमा आन्तरिक दरबन्दी आन्तरिकीकरण गर्ने भन्दै केही कर्मचारीलाई पत्र दिइयो । त्यसमा पनि यादव नपरेको अभिलेखमा देखिएको प्रहरी नायब उपरिक्षक खनालले बताए ।

यादव न त स्थानीय विकास कोषमा कार्यरत थिए, न गरीबसँग विश्वेश्वर कार्यक्रममा कर्मचारीको रुपमा परे । साविकको जिविसले अभिलेखमा कर्मचरी नै नरहेका फर्जी कागजातको आधारमा यादव तलब भत्ता खाँदै आएकाले तलब खुवाउने तात्कालिन सम्बन्धित व्यक्ति पनि दोषी रहेकाले तिनीहरु विरुद्ध पनि छानबीन थालिने उनले बताए ।

'त्यसपछि देशमा संघीयता अनुसार स्थानीय तह गठन भएपछि २०७५ भदौमा यादवलाई जिल्ला समन्वय समितिले फर्जी कागजातको आधारमा विष्णुपुर गाउँपालिकामा नायब सुब्बा पदमा खटायो । तर जिससले उनलाई नासु पदमा खटाएको भनी कुनै अभिलेख गाउँपालिकाको रेकर्डमा नभटेकाले फर्जी कागजात पेश गरेको तथ्य खुलेको प्रनाउ खनालले भने ।

खनालले भने 'कुनै पनि कर्मचारीलाई रवाना गर्नुपर्दा ती कर्मचारीको व्यक्तिगत विवरणसहित निजले पाउने तलब भत्ता, रासनलगायतका सम्पूर्ण कुरा खुलाई खटाउनुपर्ने हुन्छ,''तर महेन्द्रप्रसाद यादवको हकमा अनुसन्धान गर्दा त्यस्तो कुनै पनि कागजात अभिलेखमा भेटिएको छैन् । यादवले हालसम्म खाईपाई आएको तलब भत्ता, उनलाई तलब भत्ता खुवाउने पदाधिकारीसम्मलाई आवश्यक कारवाही हुन्छ,' राष्ट्रिय सतर्कता केन्द्रका सूचना अधिकारी शर्माले बताएका छन ।

विष्णुपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत रविन्द्रकुमार महत पनि यादव खटेर आएका बेला विना रवाना नै हाजिर गराइएको स्वीकार गरेका छन । उनले भने 'अहिले गाउँपालिकाको अभिलेखमा पनि उहाँको रवाना पत्र देखिँदैन,' त्यतिबेलाका प्रमुख प्रशासकीय अधिकृतले नियमानुसार नै हाजिर गराएको होला भनी आफूले पनि खटाएको हो ।

फर्जी कागजातका आधारमा नायब सुब्बाको जागिर खाएका उनले पछिल्लो चार वर्षमा मात्रै विष्णुपुर गाउँपालिकाबाट १५ लाख ४ हजार ७२२ रुपैयाँ तलब भत्ता बुझेका छन् । महतले भने तलब स्केल, ग्रेड, महंगी भत्ता, चाडपर्व भत्ता, पोशाक भत्ता, स्थानीय भत्ता, नागरिक लगानी कोष र सामजिक सुरक्षा करसहित भत्ता समेत यादवले बुझेका छन् ।

यता यादव भने आफू जिल्ला विकास समितिबाट समायोजन भएर विधिसम्मत नै गाउँपालिकामा पनि नासु पदमा खटिएको दाबी गरेका छन । उनले भने 'म सामाजिक परिचालकको रूपमा जिविसमा कार्यरत हुँदा समायोजन भएर गाउँपालिकामा खटेको हो,' मेरो कुनै पनि कागजात फर्जी छैन । सबै सक्कल कागजात गाउँपालिकामा बुझाइसकेको छु, यदि अनुसन्धानमा भेटिएन भने मेरो त्यसमा केही गलती छैन । आफूले गलत गरेको पुष्टि भए कानूनबमोजिम कारवाही भोग्न तयार छु ।

यादव माथि आर्थिक वर्ष २०७७/०७८ मा यादवले गाउँपालिकाको राजश्व हिनामिना गरेको आरोप लाग्दै आएको छ। गाउँपालिकाको राजश्व शाखा प्रमुख हुँदा ३४ लाखभन्दा हिनामिना गरेको आरोप उनीमाथि छ । यस सम्बन्धमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा उजुरी समेत परेको छ । आयोगले गाउँपालिकाले यादवलाई २०७८ भदौ ४ गते पत्र लेखेर पैसा जम्मा गर्न निर्देशन दिएको थियो ।

पैसा जम्मा नगरेपछि आयोगले २०७८ चैत १५ गते फेरि अर्को ताकेता पत्र लेख्दै आर्थिक कार्यविधिअनुसार जरिवाना समेत बुझाउन पत्राचार गरेपछि २०७८ चैत २८ र चैत २९ गते उनले पालिकाको मेगा बैंकको खातामा सो रकम जम्मा गरेका थिए । अख्तियारको निर्देशनानुसार पालिकाले उनलाई राजश्व शाखाबाट हटाएर प्रशासन शाखाअन्तर्गत खटाएको छ । साविकमा जिल्ला विकास समितिमा हुँदा पनि उनले राजश्व शाखा हेर्दै आएका थिए ।

# नियमित वन गस्ती नहुँदा रौतहटमा काठ तस्करी बढ्यो

विकास अग्रवाल
रौतहट, २३ मंसिर ।

निरन्तर वन गस्ती नहुँदा तस्करहरुले रौतहटको वन जंगल क्षेत्रबाट काँचो सालका रुखहरु काट्दै आएको पाईएको छ ।

वन रक्षक टोलीले नियमित रुपमा वन क्षेत्रभित्र गस्ती गर्न नसक्दा सालका रुखहरुको चोरी निकाशी बढ्दै गएको हो ।

डिभिजन वन कार्यालय अर्न्तगतको रामलाल वृन्दावन साझेदारी वन उपभोक्ता समिति, जंगलसहिया साझेदारी वन उपभोक्ता समिति, र रंगपुर साझेदारी वन उपभोक्ता समितिको क्षेत्रमा पर्ने वनमा तस्करहरुले सालका काठहरु चोरी तस्करी गरेको देखिएको हो ।



तस्करहरुले काठ कटानका लागि आवश्यक सामग्री सहित ढुवानीमा प्रयोग गर्ने सवार 'साधन लिएर दिनहुँ वन जंगल क्षेत्रबाट काठ चोरी निकाशी गर्दै आएपनि नियन्त्रण तर्फ डिभिजन वन कार्यालयले कुनै चासो देखाउन नसकेको आरोप स्थानीय बासिन्दाहरुको रहेको छ । वन जंगल क्षेत्रमा व्यापक हानी नोक्सानी हुँदा समेत वन कार्यालय मौन बस्दा संलगन्ता देखिएको आरोप समेत उनीहरुको रहेको छ ।

काठ तस्करहरुले काटेको गोलिया ढुवानी गर्न साइकललाई मोडिफाई गरेर सजिलै लैजाने गरेको पाईएको छ । ६६ इन्च सम्म गोलाईको काठ अट्नेगरी साइकललाई मोडिफाई गरी तस्करहरुले वन जंगल क्षेत्रबाट हरियो सालका काठहरु चोरी तस्करी गर्दे आएको प्रत्यक्षदर्शीहरुले बताएका छन् । केही समय अघि तस्करहरुले टायरगाडा, ट्रैक्टर लगायतको सवारीसाधनबाट तस्करी गर्दे आएको काठ अहिले उनीहरुले मोडिफाई गरिएको साइकल मार्फत तस्करी गर्ने गरेको पाईएको छ । वृन्दावन नगरपालिकामा पर्ने रामलाल वृन्दावन साझेदारी वन उपभोक्ता समितिको मातहतमा रहेको वनबाट दुई साताको अवधीमा रौतहट र सलार्हीका काठ तस्करहरुले करिब दुई दर्जन काचो सालका रुखहरु काटेर लगेको प्रमाण फेला परेपछि वन रक्षक टोलीको गस्ती नभएको प्रभाणित भएको स्थानीय बासिन्दा रामप्रताप यादवले बताउनुभयो ।

घर अगाडीकै बाटो प्रयोग गरी रातभरी तस्करहरुले काचो सालका गोलिया तस्करी गरेर लगेको हुन्छ यादवले भने उनीहरुसँग हातहतियार भएकोले हामीले चाहेर पनि केही गर्न सकेका छैनौं । तस्कर हरुले रातभरी ओहोरदोहोर गर्ने गरेको विषयमा हामीले फोन मार्फत डिभिजन वन कार्यालयलाई पटक पटक जानकारी गराउँदा समेत कुनै सुनुवाई नभएको उनको भनाई रहेको छ । डिभिजन वन कार्यालय रौतहटका प्रमुख सुनिल कर्णले वन कर्मचारी निर्वाचनमा खटेको बेला वन जंगल क्षेत्रबाट तस्करी बढेको बताउनुभयो । राष्ट्रिय र साझेदारी वनबाट गएको दुई सातामा दर्जनौ काचो सालका काठहरु चोरी निकाशी भएको स्विकार्दे प्रमुख कर्णले अब नियमित गस्ती बढाउने तथा काठ चोरी निकाशी नियन्त्रण तर्फ पहल गर्ने जानकारी दिनुभयो । समय आभावका कारण तस्करहरुले लैजान नसकेका सालका गोलियाहरु हामीले पनि ठाउँ ठाउँमा बरामद गरेको जिकिर गर्नुहुँदै प्रमुख कर्णले अब कडाइका साथ नियमित गस्ती शुरु गर्ने बताउनुभयो ।

रामलाल वृन्दावन साझेदारी वन उपभोक्ता समितिको क्षेत्रमा पर्ने वनबाट रौतहट र सलार्हीका काठ तस्करहरुले दैनिक रुपमा सालका रुख काटेर लग्ने गरेको अर्का स्थानीय सञ्जय पटेलले बताउनुभयो । वन कर्मचारीको मिलेमतोमा रौतहटको वनमा चोरी तस्करी बढेको स्थानीय बासिन्दाको भनाइ रहेको छ । डिभिजन वन कार्यालय रौतहट अर्न्तगतको सव डिभिजन वन कार्यालय चन्द्रनिगाहपुरको मातहतमा पर्ने रंगपुर साझेदारी वनमा पछिल्लो समय व्यापक रुपमा कांचा सालका रुख काटेर लाने क्रम बढेको स्थानीयको भनाइ रहेको छ । वन कर्मचारीकै मिलेमतो चोरले काटेका कांचा सालका रुख चन्द्रनिगाहपुरमै रहेका चिरान मिलमा बिक्रि बितरण हुने गरेको स्थानीयको भनाइ रहेको छ। रंगपुर साझेदारी वन क्षेत्रमा पछिल्लो समय दैनिक काचा सालका रुख काटेर लागे गरेको खबर आफुले पाएको चन्द्रपुर नगरपालिका वडा नं ८ का वडा अध्यक्ष जितेन्द्र चौधरीले बताउनुभयो ।

सहायक वन अधिकृत रामकेवल रायको संलग्नताका काठ चोरलाई चोरीको लाईन दिने गरेको जानकारहरुको भनाइ रहेको छ । जंगलसहिया साझेदारी वन उपभोक्ता समिति अर्न्तगतको चोचा वन क्षेबाट समेत चुनावको बेला दर्जनौ कांचा सालका रुख काटेर चोर तस्करले लगेको स्थानीय बासिन्दाको भनाइ रहेको छ । रौतहटको वनमा पछिल्लो समय आएर वन चोरी तस्करीमा संलग्नलाई पक्राउ गर्दा राजनैतिक दलका नेताहरुले छुटाउन दवाव दिने गरेका कारण समेत वन जोगाउन आफुहरुलाई हम्मे हम्मे परेको डिभिजन वन कार्यालय रौतहटका प्रमुख कर्णको भनाइ रहेको छ । स्थानीयले वन कर्मचारीकै मिलेमतोमा रौतहटको वनमा रहेको बहुमुल्य जातको सालका काचा रुख काटेर चोर तस्करले लाने गरेको दावी गरेपछि वन कर्मचारीले भने प्रयाप्त वन कर्मचारीको अभावमा चोरी बढेको बताउदै आएकाछन् ।

सर्लाहीको बागमती नगरपालिकाबाट रौतहटको वनमा सालको काठ चोरी गर्न आएका ईश्वरी चौलागाईलाई आफुहरुले गएको मंगलबार मात्र काचो काठ सहित पक्राउ गरेको चेतनगर सव डिभिजन वन कार्यालयका प्रमुख बाल किशोर सिंहले जानकारी दिए ।

# पर्साको जगरनाथपुरमा पुरुषको शव फेला

मधेशदृष्टि
वीरगज,मंसिर २३ ।

वीरगज महानगरपालिका २२ जगरनाथपुरमा एक पुरुषको शव फेला परेको प्रहरीले जनाएको छ ।

मृतकको सनाखत हुन सके को छैन । अन्दाजी ४०/५० बर्षको मृतक गाउँमा मागी खाने हिडने गरेको व्यक्ति रहे को प्रहरीले जानकारी दिएको छ ।

घटनाका बारेमा थप अनुसन्धान भईरहेको प्रहरीले जनाएको छ । मृतकको शव वीरगंजको नारायणी अस्पतालमा पोष्टमार्टमका लागि ल्याईएको छ ।



# अभियानका अध्यक्ष यादवले मांगे सुचना

मधेशदृष्टि
काठमाडौं, मंसिर २३

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवले संसद् सचिवालयसँग विगत संसदमा सांसदहरुबाट भएको खर्चहरुको सूचना माग गरेका छन् । यादवले लिखित निवे दन दर्ता गर्दे पछिल्लो संसद् को पाँच वर्षे २०७४ देखि २०७९ सम्मको कार्यकालमा सांसदहरुमा तलब एवं अन्य सुविधामा भएको कूल खर्चको प्रमाणित प्रतिलिपी माग गरेका हुन् । संसद्को पछिल्लो पाँच वर्षमा सांसदहरुले लिएको भत्ता, संसदीय कोषमार्फत खर्च भएको रकम र तलब




भत्ता तथा नलिई राष्ट्रलाई सहयोग गरेको सांसदहरुको सूची माग गरेका छन् । सूचना हकको ऐन २०६४ बमोजिम संसद् सचिवालयसँग सूचना माग गरेको यादवले बताए ।

# सप्तरीमा गांजा फडानी अभियान तिब्र

मधेशदृष्टि
सप्तरी, मंसिर २३ ।

जिल्ला प्रहरी कार्यालय सप्तरीले अवैध लागुऔषध गाँजा फडानी अभियानलाई तिब्र बनाएको छ ।

प्रहरीले जिल्ला भरिको विभिन्न पालिका बाट यस आर्थिक बर्षमा अहिले सम्म ११ हजार ७२७ थान गाँजाको वोट फडानी गरेर नष्ट गरेको हो । यस आर्थिक बर्षको साउन महिना देखि १७ कार्तिक सम्ममा एक सय २० वटा गाँजाको बोट फडानी गरेको सप्तरी प्रहरीले १३ मंसिर देखि सो अभियानलाई तिव्रता दिएका हुन् ।

मंसिर १३ देखि २२ सम्ममा ११ हजार ६०७ बोट गरी कूल ११ हजार ७२७ वोट फडानी गरेर नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीका प्रहरी उपरीक्षक अविनाराण काफ्लेले जानकारी दिए । करेसावारीको झारपात संगै उम्रिएका अवैध लागुऔषध गाँजाको बोट फडानी गरेर नष्ट गर्नै अभियान जिल्लाभरि चलिरहेको प्रहरी उपरीक्षक काफ्लेले बताए । “यसका लागि जिल्ला भरिका सबै प्रहरी युनिट काम गरिरहेको छ” उनले भने । सप्तरी प्रहरीले प्रत्येक वर्ष यसरी नै गाँजा फडानी अभियान चलाउँदै आएको छ । गत बर्ष पनि ठूलो परिमाणको गाँजाको बोट फडानी गरेर प्रहरीले नष्ट गरेको थियो ।

प्रहरीले करेसावारीको झरपात संगै उम्रेको गाँजाको बोट फडानी गरेर नष्ट गरिएको बताउँदै आएपनि यहाँ जानी जानी बोट लगाउने काम बर्षौंदेखि हुँदै आएको छ ।

“जानी जानी अवैध रुपमा लागुऔषध गाँजाको बोट लगाउने भेटिएमा त्यस्तालाई कारवाहीको दायरमा ल्याउन प्रहरी पछि पर्देन” प्रहरी उपरीक्षक काफ्लेले भने,“कसैले लुकिछिपी पनि प्रतिवन्धित लागुऔषध गाँजाको बोट लागाउने काम गर्छ भने उनलाई लागु औषध नियन्त्रण ऐन वमोजिम कारवाही हुन्छ ।”

उनले समाजका बालबालिकाको भविष्यलाई मध्य नजर गर्दै यस्ता कामलाई निरुत्साहित गर्न सबैसंग अपिल गरे । सप्तरीको १८ वटा स्थानिय तह मध्ये अहिले सम्ममा प्रहरीले १७ वटा स्थानिय तहको विभिन्न वडा र टोलबाट गाँजा फडानी गरेको छ । यो अभियान निरन्तर जारी रहने जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

# गीतामा प्रतिपादित शरीरको नश्वरता र आत्माको अमरताबारे छोटो चिन्तन



- प्रा.डा.गंगाप्रसाद अधिकारी

श्रीमद्भगवद्गीतालाई हिन्दू दर्शनको सर्वश्रेष्ठ रचना मानिएको छ । यसलाई कुनै कवि वा दार्शनिक ऋषिहरूको रचना नभई स्वयम भगवान श्रीकृष्णका मुखारविन्दबाट निःसृत भगवद्वाणी मानिन्छ । गीता माहात्म्यमै भनिएको छ :

गीता सुगीता कर्तव्या किमन्यैः शास्त्रविस्तरैः ।
या स्वयम पद्मनाभस्य मुखपद्माद्विनिःसृता ॥

(जुन गीता स्वयम पद्मनाभ भगवानका मुखारविन्दबाट निःसृत छ, त्यसकै सुगायन (पाठ) गर्नु बाहेक अन्य शास्त्रको विस्तारको केही प्रयोजन छैन ।)

गीता माहात्म्यले नै भन्छ सबै उपनिषदहरू गाई हुन, त्यसलाई दुहुने भगवान श्रीकृष्ण हुन, अर्जुन दुध पगार्ने बाच्छो अनि सज्जनहरू भोक्ता हुन र दुध चाहिँ महान गीतामृतरूपी भगवद्वचन हो । यसको तात्पर्य के भने गीतामा जुन दर्शनको प्रतिपादन गरिएको छ त्यो सम्पूर्ण विचार वा दर्शन विभिन्न उपनिषद्हरूबाट ग्रहण गरिएको हो । भगवान श्रीकृष्णले ती उपनिषद्हरूको सार खिचेर गीताको गायन गरेका हुन । त्यसैले गाई दुहुने श्रीकृष्ण हुन ।

गीतामा जुन ज्ञानको प्रतिपादन गरिएको छ त्यसलाई आफ्ना जिज्ञासु प्रश्नहरूका माध्यमबाट पगार्ने बाच्छो चाहिँ अर्जुन हुन अर्थात भगवान श्रीकृष्णसँग जिज्ञासु बालक भएर अर्जुनले गरेका प्रश्नले नै भगवानबाट गीतारूपी वाणी पग्रेको हो । यसरी पगारेर भगवानबाट दुहिएको दुध अर्थात गीतामृतरूपी भगवद्वाणीका उपभोक्ता चाहिँ सम्पूर्ण जिज्ञासु सज्जनहरू हुन ।

यस प्रकार गीता सम्पूर्ण उपनिषद्को सार हो भने उपनिषद्हरू वैदिक वाङ्मयका अभिन्न अङ्ग भएकाले गीतामा सम्पूर्ण वेदको सार समेत सङ्गहीत छ ।

दुर्योधनको हठ, धृतराष्ट्रको पुत्रमोह र पाण्डवहरूको अस्तित्वको सङ्कट यी तिनै कारणबाट महाभारतको युद्ध हुने नै भयो । कुरुक्षेत्रको युद्धभूमिमा पाण्डव कौरव दुवै पक्षका योद्धाहरू युद्धका लागि तम्तयार भए । त्यो युद्धक्षेत्रमा दुवैतर्फ आफन्त मात्र देखेपछि अर्जुन धर्मसङ्कटमा पर्छन । यी सबै आफन्तलाई मारेर केका लागि राज्यसुख प्राप्त गर्नु ? भन्दै अर्जुन युद्ध नगर्ने अठोटमा पुगेपछि अर्जुनका सारथी बनेका भगवान श्रीकृष्णबाट कर्तव्याकर्तव्यको शिक्षा प्रदान गर्दै अर्जुनलाई युद्धका लागि तत्पर तुल्याउने क्रममा गरिएको उपदेश नै श्रीमद्भगवद्गीता अर्थात गीता हो । भगवान स्वयम्बाट गाइएको हुनाले यसलाई भगवद्गीता भनिएको हो ।

गीतामा मुख्यतः ज्ञान, उपासना र कर्मयोगको उपदेश गरिएको छ । अठार अध्याय भएको गीताको दोस्रो अध्यायमा आत्मा र शरीर सम्बन्धी भगवान श्रीकृष्णको उपदेश छ ।

साङ्ख्ययोग भनिएको यस र सबै आफन्त मात्र उपस्थित भएको देखेपछि अर्जुनको ओठ तालु अध्यायका एघारौंदेखि तिसौंसम्मका बिस पद्यमा यस विषयको वर्णन छ । युद्धस्थलमा गुरुजन, भाइबन्धुसुक्दछ र शरीरमा रोमाञ्च हुन्छ, अङ्ग सबै शिथिल बन्दछन । युद्धमा उपस्थित आफन्त देखेर अर्जुनको गाण्डीव धनु हातबाट बिस्तारै गिर्न थाल्दछ । यसरी युद्धमा आफ्ना विरुद्ध उभिएका सबै गुरुजनहरू, पिता-पितामहहरू, छोरा-नातिहरू, मामा, ससुराहरू, साला-जेठानहरू, सम्धी आदि समस्त नातेदारहरू देखेपछि अर्जुनलाई लाग्छ यिनै आफन्तहरूसँगै भएर राज्यभोग गर्न पाए पो राज्यभोग र सुखादिको पनि महत्त्व रहन्छ । यी सबैलाई मारेर प्राप्त हुने राज्यभोगको के प्रयोजन र ? अतः अर्जुन युद्धबाट पीठ फर्काउने आशयका साथ कृष्णसँग भन्दछन :

न काङ्क्षे विजयं कृष्ण न च राज्यं सुखानि च ।
किं नो राज्येन गोविन्द किं भोगैजीवितेन वा ? (१ : ३२)

हे कृष्ण, म न त विजय चाहन्छु न त राज्यसुख नै । हामीलाई यस्तो राज्यभोग केका लागि ? अथवा यस्तो भोग वा जीवनबाट के लाभ र ? जुन राज्यभोगमा आफन्त नै हुँदैनन त्यस्तो राज्य सुख केका लागि ? "स्वजनं हि कथं हत्वा सुखिनः स्याम माधव" (१ : ३७) आफ्नै दाजुभाइ मारेर हामी कसरी सुखी हुन सक्छौं र ? यसरी युद्धबाट पीठ फर्काएका अर्जुनलाई कर्तव्याकर्तव्यको उपदेश दिने क्रममा आत्माको अजरामरता र शरीरको नश्वरताका विषयमा यी पद्यहरूमा दार्शनिक व्याख्या गरिएको छ ।

गीताको यस अध्यायमा साङ्ख्ययोगको विषय, युद्धको आवश्यकताको निरूपण, कर्मयोग र स्थितप्रज्ञ यी चार विषयको वर्णन छ । पूवीय दर्शनमध्ये साङ्ख्य दर्शनको बीज मानिएको यस विषयबारेको भगवान श्रीकृष्णको उपदेश अत्यन्त महत्वपूर्ण मानिन्छ । आत्मा अविनाशी भएकैले त्यसको नाश गर्न कसैले सक्दैन र जो यसलाई नाश गरें भन्दछ वा जो आत्माले अरूको नाश गर्दछ भन्ने मान्दछ ती दुवै यसबारेमा अनभिज्ञ हुन भन्ने आशय यसमा व्यक्त भएको छ । श्रीकृष्ण अर्जुनलाई भन्दछन :

अविनाशी तु यद्विद्धि येन सर्वमिदं ततम ।
*विनाशमव्ययस्यास्य न कश्चित कर्तुमर्हति ॥*
*अन्तवन्त इमे देहा नित्यस्योक्ताः शरीरिणः ।*
*अनाशिनोद्रप्रमेयस्य तस्माद्युध्यस्व भारत ॥*
य एनं वेत्ति हन्तारं यश्चैनं मन्यते हतम ।
उभौ तौ न विजानीतो नायं हन्ति न हन्यते (२ : १७-१९)

हे अर्जन : यो दृश्यमान जगत सबै नाशवान छ । अविनाशी भनेको त त्यो हो, जो यस जगत्मा व्याप्त छ र जसको विनाश गर्न कोही पनि सक्दैन । त्यो नाशरहित, अप्रमेय, नित्यस्वरूप जीवात्माले धारण गरेको यो शरीर चाहिँ नाशवान छ । अतः यो शरीरको नाशलाई विनाश सम्झेर तिमीले युद्धबाट विरत हुनु हुँदैन, युद्ध गर्नै पर्छ । आत्मा मारिँदैन र यसले मार्दैन पनि ।

यसरी आत्मा मर्यो भनेर जसले मान्दछ र आत्मालाई जसले अरूलाई मार्नेवाला सम्झन्छ ती दुवै व्यक्ति अज्ञानी हुन, किन भने आत्मा त न कसैलाई मार्दछ न कसैबाट मारिन्छ ।

आत्माले न कहीँ कुनै कालमा जन्म लिन्छ, न त मर्छ नै अनि न त यो पुनः पुनः उत्पन्न हुने नै हुन्छ । किन भने यो सधैं अजन्मा छ, नित्य छ, सनातन छ र पुरातन छ ।

शरीर मरेर जाओस, तर यो कहिल्यै मर्दैन र मारिँदैन । हे अर्जुन, जसले यस आत्मालाई नाशरहित छ भन्ने जान्दछ, अजन्मा र अव्यय छ भनेर मान्दछ भने त्यस्तो पुरुष कसरी कसैलाई मराउँछ र ऊ स्वयम कसरी कसैलाई मार्दछ ? शरीर त हामीले धारण गरेको लुगा जस्तै हो आत्माको आवरण मात्र जसरी हामी पुरानो भएपछि आफूले धारण गरेको वस्त्र त्याग्दछौं र नयाँ धारण गर्दछौं त्यसरी नै देही (त्यो अविनाशी आत्माजीवात्मा) ले जीर्ण र अशक्त बनेका शरीरलाई त्याग्दछ र नयाँनयाँ शरीरमा प्रवेश गर्दै जान्छ । आत्मा सधैं नित्य छ र अविनाशी छ भन्दै श्रीकृष्ण अर्जुनलाई भन्छन :

*नैनं छिन्दन्ति शस्त्राणि नैनं दहति पावकः ।*
*न चैनं क्लेदयन्त्यापो न शोषयति मारुतः १२ : २३०*

यो जीवात्मालाई न कुनै शस्त्र अस्त्रले काट्न घात गर्न सक्दछन, न त आगोले डढाउन सक्दछ, न त यसलाई पानीले भिजाएर नष्ट गर्न सक्दछ न त वायुले नै सुकाएर समाप्त गर्न सक्दछ । त्यसैले यो आत्मा अविनाशी छ ।

मानव जन्मका विषयमा पनि चित्तबुझ्दो कुरो भनिएको छ गीतामा । जन्म लिने पनि आत्मा होइन शरीर मात्र हो । आत्मा त अजन्मा छ, नित्य छ, सनातन छ अनि अविनाशी पनि । आत्मा जन्म र मृत्युभन्दा पर छ - जन्म, मृत्यु, सुख-दुःख जस्ता सांसारिक चक्रमा फस्ने त केवल शरीर हो । त्यसैले जन्मन्छ शरीर, दुःख-सुख भोग्छ शरीर, मर्छ-मारिन्छ शरीर अनि मार्छ शरीर नै । यी सम्पूर्ण सांसारिक प्रपञ्चमा फस्ने त शरीर मात्रै हो - जुन नाशवान छ, मृयमाण छ र अनित्य छ । त्यसैले यो अनित्य शरीरका लागि शोक वा मोह गर्न त बेकार हो भन्दै श्रीकृष्ण अर्जुनलाई भन्दछन जो आत्मालाई अनश्वर, नित्य, अजन्मा र अव्यय छ भनेर मान्दछ भने त्यस्तो व्यक्ति न कसैलाई मराउँछ न कसैलाई मार्दछ (२ : २१)

यदि आत्मालाई नश्वर नै मान्ने हो भने पनि संसारमा कोही त अजरामर छैन । मानिस जन्मन्छ, हुर्कन्छ, वयस्क हुन्छ, बुढो हुन्छ र अन्तमा मर्दछ । त्यसैले जीवनको पहिलो सत्य त जन्मपछि मृत्यु नै हो । जो जन्मन्छ ऊ प्रथमतः मर्नकै लागि हो । त्यसपछि मात्र उसको जन्मका अन्य प्रयोजनहरू देखा पर्दछन ।

जब मान्छे क्रमशः वयस्क हुँदै जान्छ अनि मात्र उसले संसारमा गरेका कर्महरूले उसको जन्मका अन्य प्रयोजनहरू वा उसको जन्मको औचित्य प्रमाणित गर्दै जान्छन । यही कुरा श्रीकृष्ण अर्जुनलाई बताउँछन :

जातस्य हि ध्रुवो मृत्युर्ध्रुवं जन्म मृतस्य च ।
*तस्मादपरिहार्येद्रर्थे न त्वं शोचितुमर्हसि (२ : २७)*

यसरी जन्मदै यो शरीरले मृत्युको अभिशाप बोकेर आएको हुन्छ भने आत्मा त्यसभन्दा भिन्न शाश्वत अविनाशी र सनातन छ । त्यसैले यो नश्वर जन्मदै मृत्यु निश्चित भएको शरीरप्रति कुनै शोक गर्नुको औचित्य छैन भन्ने भगवद्वचन गीतामा व्यक्त छ ।

यसरी आत्मा अनादि, अनन्त, अजन्मा, अमर, अजर, शाश्वत र अविनाशी छ भने शरीर जराजन्ममृत्युमय र अस्थिर छ । त्यसैले आत्माले नयाँ-नयाँ चोला बदलिदै जान्छ र ऊ स्वयम पनि नयाँ-नयाँ आवरणमा प्रस्तुत हुन्छ । यही नै सांसारिक प्रपञ्च वा लीला हो । यही कुरालाई अर्जुनलाई सम्झाउने क्रममा श्रीकृष्ण भन्दछन :

*न त्वेवाहं जातु नासं न त्वं नेमे जनाधिपः ।*
*न चैव न भविष्यामः सर्वे वयमतः परम् (२ : १२)*

न त म अघि कुनै समयमा थिएँ, न तिमी थियौ, न त यी राजाहरू थिए । न हामी सबै पछि पनि हुने छौं न त हामी सबै रहने नै छौं ।

वास्तवमै संसार केवल शरीर बाँचुन्जेल त हो, मरेपछि सबै समाप्त, सारा नाता-गोता, तेरो-मेरो, सुख-दुःख यही शरीर रहुन्जेल त हो । शरीर समाप्त भएपछि सबै कुरा समाप्त हुन्छ - न नाता सम्बन्ध, न धन दौलत, न सुख न दुःख, त्यसैले त भनिन्छ "एक बारको जुनी" । यो एक बारको जुनी अलभ्य छ, गुमेपछि गुम्यो गुम्यो ।

यस्तो दुर्लभ जिन्दगानीलाई कर्तव्याकर्तव्य बुझेर उचित कर्ममा प्रवृत्त गराउनु नै मानव जीवनको उत्तम उपयोग हो भन्ने सन्देश यस भगवद्गीताबाट प्राप्त हुन्छ । असत अकर्मण्यता र अकर्तव्यको त्याग अनि सत, कर्मण्यता र कर्तव्यको ग्रहणबाट उचित कार्यमा प्रवृत्त रहँदा नै यथार्थमा मानव जीवनको सार्थकता रहन्छ ।

क्षात्रधर्मबाट विमुख हुन लागेका कुन्तिपुत्र अर्जुनलाई भगवान श्रीकृष्णले गीतामा उपदेश गरेका विविध विषयमध्येको आत्मा र शरीरसम्बन्धी यो एउटा सानो विषय मात्र हो तर यो साङ्ख्य दर्शनको एउटा महत्वपूर्ण पक्ष पनि हो । मानव जीवनको यो उत्तम रहस्यलाई बुझेर उचित कर्म गर्नुपर्छ भन्ने कुरा नै गीतामा वर्णित यस प्रसङ्गको मुख्य सन्देश हो ।

(साभार : समकालिन साहित्य डट कम)

# नचुकाउनु देउवाले अवकाशको उपयुक्त अवसर



- राजन कुईंकेल

शेरबहादुर देउवा, नेपाली कांग्रेसका बहालवाला सभापति एवं देशको वर्तमान प्रधानमन्त्री। जन्म- वि.सं. २००३। उमेर-७६। २०४८ सालयताका २०४८, २०५१, २०५६, २०६४, २०७०, २०७४ र २०७९ मा भएका सबै निर्वाचनमा अपराजित एक मात्र व्यक्ति। डडेलधुराबाट सातौं पटक प्रतिनिधि सभामा प्रवेश। पाँचौं पटक देशको प्रधानमन्त्री।

कांग्रेसमा लगातार दुई कार्यकाल सभापति। कांग्रेसको भ्रातृ संगठन नेपाल विद्यार्थी संघको दोस्रो अध्यक्ष। बीपी कोइरालाको सान्निध्य पाएका। गिरिजाप्रसाद कोइरालाबाट राजनीतिक दीक्षा र कृष्णप्रसाद भट्टराईको राजनीतिक विरासत प्राप्त। 'प्रजातन्त्र दरबारलाई बुझाएको' आरोप तर राजा ज्ञानेन्द्रबाटै दुई/दुई पटक सत्ताच्युत। शाहीसत्ताबाट भ्रष्टाचारको आरोपमा जेलजीवन। नेपालको संसदीय व्यवस्थामा निकै आलोचित 'सुरा-सुन्दरी, पजेरो काण्ड', भीमकाय मन्त्रिमण्डल गठन तथा माओवादी सशस्त्र हिंसाको शुरुवात उनको कार्यकालसँग जोडिएका तथ्य ।

माओवादी सशस्त्र हिंसा नियन्त्रणका लागि संकटकाल लगाउने विषयमा विवाद बढेपछि प्रधानमन्त्री रहेकै बेला पार्टी विभाजन गरी कांग्रेस प्रजातान्त्रिक गठन। राजसंस्थाको अन्त्य गर्न कांग्रेस प्रजातान्त्रिक, नेपाली कांग्रेसमा विलय । दशक नपुग्दै एकीकृत पार्टी नेतृत्वको सभापतिमा निर्वाचित। बीपीपछि कांग्रेसबाट सोसलिस्ट इन्टरन्याशनलमा उपाध्यक्ष चुनिने व्यक्ति।

आफैं सभापति र प्रधानमन्त्री भएर गराएको आमनिर्वाचन २०७४ मा संसदीय इतिहासमै पार्टीको कमजोर उपस्थिति। त्यसको पाँच वर्षपछि २०७९ मा फेरि आफ्नै नेतृत्वमा गराएको निर्वाचनबाट कांग्रेसलाई पहिलो पार्टीका रुपमा उभ्याउन सफल तर समानुपातिकमा दशकौंदेखिको प्रतिवद्ध मतदाता गुमाउँदै।

आफू प्रधानमन्त्रीमा रहँदा मूलतः सुदूरपश्चिम क्षेत्रमा विकासको लहर ल्याएको जस। मूल प्रवाहमा नजोडिएको सुदूरपश्चिमलाई सडक यातायात, विद्युत् र विकासका अरु आयामसँग मूलप्रवाहीकरण गराएको दाबा। मुलुक समावेशी पद्धतिमा नजाँदै सीमान्तकृत वर्ग-समुदाय मधेश-कर्णाली-जनजाति-दलितलाई पार्टीभित्र आरक्षणको पहल । देउवा समक्ष एउटा सुनौलो मौका आएको छ। यी तमाम आरोपलाई खण्डन गर्दै पार्टी पुस्तान्तरण र नेतृत्व हस्तान्तरणका लागि सहज बाटो खोलिदिएर एक असल अभिभावक बन्ने अवसर आएको छ। यो निर्णय लिँदा चौतर्फी कम्युनिष्ट घेराबन्दीमा पर्न थालेको उदारवादी प्रजातन्त्र र त्यसको वाहक कांग्रेसलाई आफैंले प्रोत्साहन गरेका अर्को पुस्ताले हाँकिरहेको सुन्दर दृश्य उनले देख्न पाउने छन् ।

समग्रमा शेरबहादुर देउवाले आफ्नो राजनीतिक जीवनमा पाएका र गरेका उपलब्धिको सार संक्षेप हो यो । नेपाली कांग्रेसभित्र उनीसरह या अझै बढी योगदान दिएका र दुःख पाएका अनेकौंले कुनै अवसर नपाएर बञ्चित रहँदा उनले पाँच/पाँच पटक प्रधानमन्त्री बनेर मुलुकको बागडोर सम्हाल्न पाए । स्वयं उनका समकक्षी रामचन्द्र पौडेलले एक पटक पनि प्रधानमन्त्री र पार्टी सभापति हुने



अवसर पाउन सकेका छैनन् । जसको घिडघिडो बोकेर उनी अझैसम्म भौंतारिरहेका छन् । उनै देउवाले उक्त घिडघिडो पूरा गरिदेलान् भन्ने तृष्णाको भारी बोकेर उनले १४ औं महाधिवेशनमा सभापति बन्न सघाए । अहिले प्रधानमन्त्रीको दौडमा रहेको बताइरहेका छन् । ज्योतिषिले सात पटकसम्म प्रधानमन्त्री बन्ने योग रहेको बताएको भन्दै चर्चामा आएका देउवाले आफूमाथि लाग्ने गरेका दुई आरोपलाई यस निर्वाचनबाट धोएका छन । एक चुनाव गराउन सक्दैनन् वा गराउँदैनन् । अर्को उनको नेतृत्वमा स्थानीयदेखि, प्रदेश र केन्द्रीय संसदमा कांग्रेस इतिहासमै कमजोर बन्यो । यो दुबै आरोपलाई विचारविहीन गठबन्धन बनाएरै भए पनि उनले पखालेका छन् ।

चुनाव गराउँदैनन् भन्ने आरोपलाई उनकै नेतृत्वमा दुई/दुई पटक मुलुकमा निर्वाचन सम्पन्न गराए । आफैं नेतृत्वको सरकारले गराएको चुनावमासमेत पार्टी इतिहासमै कमजोर रहेको भन्नेहरूलाई यस पटक संघ र प्रदेशमा पनि पार्टीको साख बलियो बनाएर जवाफ दिनसक्ने बनाए ।

एउटा साधारण नेपालीको सन्तानले बिरलै पाउने अवसर उनले एक होइन पटक पटक पाए। पाँच/पाँच पटक प्रधानमन्त्री बनेर देशको बागडोर सम्हाले। दुई/दुई पटक पार्टी सत्ताको केन्द्रीय नेतृत्वमा पुगे । उनले जीवनकालमा पाउनुपर्ने भन्दा धेरै गुणा पाइसकेका छन् ।

बरु बारम्बार सत्तामा पुगेर पनि दीर्घकालसम्म पार्टी र मुलुकलाई हित हुने काम गर्न नसकेको, संसदीय राजनीतिलाई विकृत बनाउन भूमिका खेलेको, भ्रष्टाचार, दण्डहीनता मौलाउँदा पनि कारबाही गर्न नसकेको जस्ता आरोप उनीमाथि लाग्ने गरेको छ । वंश र परिवारवादको विरोध गरेर पार्टी र राज्यसत्तामा पुगेका उनले अहिले त्यही बाटो समातेको जस्ता आरोप उनीमाथि लाग्न थालेको छ ।

यस्तोमा देउवा समक्ष एउटा सुनौलो मौका आएको छ । यी तमाम आरोपलाई खण्डन गर्दै पार्टी पुस्तान्तरण र नेतृत्व हस्तान्तरणका लागि सहज बाटो खोलिदिएर एक असल अभिभावक बन्ने अवसर आएको छ । यो निर्णय लिँदा चौतर्फी कम्युनिष्ट घेराबन्दीमा पर्न थालेको उदारवादी प्रजातन्त्र र त्यसको वाहक कांग्रेसलाई आफैंले प्रोत्साहन गरेका अर्को पुस्ताले हाँकिरहेको सुन्दर दृश्य उनले देख्न पाउने छन ।

उनले यो मार्ग समात्दा पनि सत्ता राजनीतिबाट तत्काल बिमुख हुनुपर्ने छैन । बरु उनी अर्को इतिहास निर्माणको चरणमा हुनेछन् । देउवाले चाहँदा अहिले मुलुकको राष्ट्रपति बन्नसक्ने छन् । यो निर्णय लिने हो भने, एकातिर पाँच/पाँच पटक प्रधानमन्त्री र राष्ट्रपति एकै व्यक्ति बन्ने विषय 'भूतो न भविष्यति' हुनेछ । आफैं यो नेपाली राजनीतिमा अर्को 'रेकर्ड' हो ।

यसबाट पार्टीभित्र नेतृत्व हस्तान्तरण र पुस्तान्तरणको चाह राख्नेहरूले अवसर पनि पाउनेछन् । गगन थापा मात्र होइन, पूर्णबहादुर खड्कादेखि एनपी सावदसम्मका लागि नेतृत्वमा पुग्ने ढोका खुल्नेछ ।

देउवा अभिभावकीय भूमिकामा रहुन् । जननिर्वाचित प्रतिनिधिले भुईं तहका मतदाताको भावना अनुसार कांग्रेसलाई परिवर्तन चाहन्छन् भने त्यसले त देउवालाई सन्तोष नै मिल्नुपर्ने हो नि होइन र ?


होइन, देउवा यो बाटोमा हिड्न चाहन्नन् र पार्टीलाई केही व्यक्ति र स्वार्थ समूहको रछ्यान मात्र बनाउने हो भने, गठबन्धनका नन्दी भृङ्गीको बलमा एक पटक प्रधानमन्त्री त बन्लान्, तर कांग्रेस पार्टी नेपालकै प्रजापरिषद् वा भारतको कांग्रेस आईको बाटोमा नपुग्ला भन्न सकिन्न। आगे देउवाकै मर्जी !

श्रोतः आइएनएस-स्वतन्त्र समाचार



काठमाडौँको उतरी भेगको टोखा नगरपालिका-३, टोखा बजारमा बनाएको चाकु बिक्रीका लागि बजार पठाउन मिलाउँदै टोखावासी । तस्बिर : हरिराम भेटुवाल/रासस

# पांच पालिकाले अझै ल्याएनन बजेट



काठमाडौँ, २३ मङ्सिर
चालु आर्थिक वर्ष सुरु भएको पाँच महिना बित्न लाग्दा पनि पाँच वटा पालिकाले अहिलेसम्म पनि बजेट ल्याउन सकेका छैनन् । वार्षिक बजेट नआएपछि ती पालिकामा विकास निर्माणका काम ठप्प छन् भने कर्मचारीको तलब भत्ता रोकिएको छ । दैनिक कार्यालय सञ्चालनमा समेत समस्या देखिएको छ । मधेस प्रदेशका चारवटा र लुम्बिनी प्रदेशको एउटा पालिकाले अहिलेसम्म बजेट ल्याउन सकेका छैनन् । धनुषाको नगराइन र र कमला नगरपालिका, रौतहटको बौधीमाई नगरपालिका र सर्लाहीको विष्णु गाउँपालिकाले बजेट ल्याएका छैनन् । त्यस्तै, बाँकेको डुडुवा गाउँपालिकाले पनि बजेट ल्याएको छैन । सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका अनुसार भने आठवटा पालिकाले आफ्नो वार्षिक बजेट मन्त्रालयको प्रणालीमा प्रविष्ट गरेका छैनन् । यद्यपि, त्यसमध्ये पालिकामध्ये सिराहाको औरही गाउँपालिका तथा कर्जन्हा नगरपालिकाका र रौतहटको यमुनामाई गाउँपालिकाले भने बजेट ल्याइसकेका छन् । यी पालिकाले मन्त्रालयको प्रणालीमा प्रविष्ट नगरेको तर वार्षिक बजेट भने गाउँसभाबाट पारित भइसकेको छ। अन्तर-सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा २१ को उपदफा तीनमा गाउँ कार्यपालिका र नगर कार्यपालिकाले प्रत्येक वर्ष असार महिनाको १० गतेभित्र आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान सम्बन्धित गाउँ वा नगरसभामा पेश गर्नुपर्नेछ, भनी उल्लेख गरिएको छ तर बजेट नआएका कारण ती पालिकामा आर्थिक गतिविधि चलायमान हुन सकेका छैनन् । पालिकाले वार्षिक बजेट नल्याउँदा उनीहरुका विकास निर्माणका काम ठप्प हुने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका प्रवक्ता रुद्रसिंह तामाङले बताए । बजेट नै नल्याएपछि उनीहरुले खर्च गर्न पाउँदैनन् । तलब भत्तासम्म दिएका हुनसक्छन् । तर विकास निर्माणका काम रोखिएका छन, तामाङले भने । गाउँसभा र नगरसभाबाट बजेट पारित नभएका पालिकाका लागि सम्बन्धित जिल्लाको कोष तथा लेखा नियन्त्रक कार्यालय (कोलेनिका)ले बजेट रोकिदिने उनको भनाइ छ । संविधान, ऐन, कानूनले नै सम्बन्धित पालिकालाई बजेट निर्माणको जिम्मा दिएको र यसमा सङ्घीय र प्रदेश सरकारको कुनै भूमिका नरहने पनि प्रवक्ता तामाङको भनाइ छ । असार दोस्रो साताभित्र ल्याइसक्नुपर्ने बजेट मङ्सिर मसान्तसम्म पनि आउन नसक्नुको मुख्य कारण गाउँ तथा नगरसभामा राजनीतिक दलबीचको किचलो तथा प्रमुख र उपप्रमुखबीचको मनमुटाव देखिएको छ । धनुषाको नगराइन नगरपालिकाका नगरप्रमुख विनयकुमार यादवले गाउँसभामा बहुमत नपुग्दा बजेट पारित गर्न नसकिएको बताए । नगर उपप्रमुखसहित नेकपा (एमाले)बाट निर्वाचित सदस्यको बहुमत छ । म नेपाली कांग्रेसबाट निर्वाचित भएकाले नगरसभामा उनीहरुले अड्को थापेका छन , यादवले भने । उनका अनुसार तलबसमेत नपाएपछि नगराइन नगरपालिकाका कर्मचारी गत शुक्रबारदेखि आन्दोलन उत्रिएका छन् । वार्षिक योजना तथा कार्यक्रमबारे दलगतरुपमा विवाद बढ्दै गएपछि कमला नगरपालिकामा पनि बजेट आउन सकेको छैन । योजनामा राजनीतिक भागबण्डा भएपछि त्यसको विवादले बजेट पारित हुन नसकेको हो । तलब नपाएपछि कर्मचारी आन्दोलनमा छन् । शिक्षकले सात महिनादेखि तलब पाएका छैनन, नगर उप्रमुख शिलादेवी मण्डलले भने । रौतहटको बौधीमाई नगरपालिकाले पनि बजेट ल्याएको छैन । निमित्त प्रमुख प्रशासकीय अधिकृत रामेश्वरराय यादवका अनुसार नगरपालिकाको नीति तथा कार्यक्रमबारे पुनरावेदन अदालतमा मुद्दा चलिरहेको छ । सामान्य कार्यालय सञ्चालनमा समेत समस्या देखिएको उनले बताए । त्यस्तै, रौतहटको यमुनामाई गाउँपालिका पनि पाँच महिनादेखि बजेटविहीन बनेको छ । गाउँपालिका अध्यक्ष मोहमद साउदका अनुसार गत शनिबार मात्रै गाउँसभामा बजेट पेश भएको छ । बाँकेको डुडुवा गाउँपालिकाले पनि बजेट ल्याउन सकेको छैन । गाउँसभा बैठक बस्न नसकेका कारण बजेट आउन नसकेको र बजेट नआएका कारण आर्थिक गतिविधि हुन नसकेको प्रमुख प्रशासकीय अधिकृत कृष्णप्रसाद पौडेलले बताए । सिराहाको औरही गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत रमेशनारायण शर्माले बजेट आइसकेको भएपनि सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको प्रणालीमा प्रविष्ट हुन नसकेको बताए । गाउँसभाबाट बजेट स्वीकृत भइसकेको छ । मन्त्रालयलाई पत्रमार्फत् जानकारी पनि गराइसकेका छौँ तर प्रणालीमा प्रविष्ट हुन सकेको छैन, शर्माले भने । कर्जन्हा नगरपालिकाका नगर प्रमुख भोलाप्रसाद पोखेलले प्राविधिक समस्याका कारण बजेट प्रविष्ट हुन नसकेको बताए । मन्त्रालय अनालाइन प्रणालीमा राख्नका युजरनेम र पासवर्ड नपाउँदा बजेट राख्न नसकिएको उनको दाबी छ ।रासस

# माया खोला हाइड्रोपावरको आईपीओ खुला

काठमाडौँ, २३ मङ्सिर
माया खोला हाइड्रोपावर कम्पनी लिमिटेडले स्थानीय तथा वैदेशिक रोजगारीमा रहेका नागरिकका लागि साधारण शेयरको बिक्री खुला गरेको छ ।
कम्पनीले पहिलो चरणमा शुक्रवार देखि प्रतिकित्ता रु एक सय अङ्कित दरमा १२ लाख ४० हजार कित्ता शेयर प्राथमिक सार्वजनिक निष्कासन (आईपीओ)को निष्कासन तथा बिक्री खुला गरेको हो ।कम्पनीले आफ्नो जारी पूँजी रु एक अर्बको ३४ प्रतिशतले हुने ३४ करोड मूल्य बराबरको कूल ३४ लाख कित्ता साधारण शेयरमध्ये आयोजना प्रभावित स्थानीय बासिन्दाका लागि कूल १० लाख कित्ता शेयर छुट्याएको छ । त्यस्तै सर्वसाधारणमा निष्कासन गरिने शेयरको १० प्रतिशत अर्थात् दुई लाख ४० हजार कित्ता शेयर वैदेशिक रोजगारीमा रहेकाहरुका लागि निष्कासन गर्न लागिएको कम्पनीले जनाएको छ ।
कम्पनीले आयोजना प्रभावित क्षेत्रका स्थानीयलाई निष्कासन गर्ने शेयरमध्ये ६० प्रतिशत अर्थात छ लाख कित्ता शेयर आयोजना अति प्रभावित क्षेत्र सङ्खुवासभाको चैनपुर नगरपालिका वडा नं. ८ र ९, धर्मदेवी नपा वडा नं. ३, ४ र ५ तथा मादी नपा वडा नं. ४ र ६ का बासिन्दाका लागि छुट्याएको छ । त्यस्तै आयोजना अति प्रभावित क्षेत्र बाहेक सङ्खुवासभाको अन्य क्षेत्रमा बसोबास गर्नेका लागि ४० प्रतिशतले हुने चार लाख कित्ता शेयर निष्कासन गरिने सार्वजनिक आह्वानपत्रमा उल्लेख छ ।
निष्कासित शेयरमा आयोजना प्रभावित स्थानीयले छिटोमा आगामी पुस ८ गतेसम्म र सो अवधिमा माग बमोजिम आवेदन नपरे पुस २४ गतेसम्म न्यूनतम १० कित्तादेखि अधिकतम एक लाख कित्ता खरिदका लागि आवेदन दिन सक्ने छन् । त्यस्तै वैदेशिक रोजगारीमा रहेकाहरुले पुस ८ गतेसम्म अधिकतम ५० हजार कित्ता शेयर खरिदका लागि आवेदन दिन सक्नेछन्
कम्पनीले निष्कासन गरेको शेयरमा स्थानीय र वैदेशिक रोजगारमा रहेका नेपालीले अनलाइनबाट समेत आवेदन दिन सक्ने छन् । स्थानीय बासिन्दाले कम्पनीको धितोपत्र निष्कासन तथा बिक्री प्रबन्धक प्रभु क्यापिटल लिमिटेडले निर्माण गरेको वेब पोर्टलमार्फत शेयरमा आवेदन दिन सकिने सार्वजनिक आह्वानपत्रमा उल्लेख छ । स्थानीयले प्राइम कमर्सियल बैंक, नेपाल एसबीआई बैंक, प्रभु बैंक, ग्लोबल आईएमई बैंक तथा हिमालयन बैंकले तोकेका शाखा कार्यालय र आयोजना निर्माण कम्पनीको कार्यालयबाट आवेदन दिन सक्ने छन् । त य स्तै वैदेशिक रोजगारिमा रहेका नेपालीले नेपाल धितोपत्र बोर्डबाट स्वीकृति प्राप्त आस्वा सदस्य बैंक तथा वित्तीय संस्थाबाट ‘सी-आस्वा’ प्रणालीमार्फत र ‘मेरो शेयर’बाट आवेदन दिन सक्ने कम्पनीले जनाएको छ । कम्पनीलाई ईक्रा नेपालले ‘ईक्राएनपी आईआर बीबीबी माइनस’ प्रमाणपत्र प्रदान गरेको छ ।कम्पनीले सङ्खुवासभाको धर्मदेवी नगरपालिकाको माया खोलामा १४ दशमलव नौ मेगावाट क्षमताको मायाखोला जलविद्युत् आयोजना निर्माण गरेको छ ।
रासस

# स्वास्थ्य बिमा बोर्डले १० प्रतिशत शुल्क बीमितबाट लिने



काठमाडौँ, २३ मङ्सिर
स्वास्थ्य बिमा बोर्डले बीमित बिरामीबाट पनि १० प्रतिशत शुल्क लिने भएको छ। बीमितले अस्पतालमा जथाभावी स्वास्थ्य परीक्षण गर्न थालेपछि उपचार खर्चको १० प्रतिशत शुल्क लिइने भएको हो । त्यसका लागि बोर्डले कार्यविधि बनाइरहेको छ। बोर्डका वरिष्ठ जनस्वास्थ्य प्रशासक तथा प्रवक्ता शम्भुप्रसाद ज्ञवालीले बीमित बिरामीले जथाभावी परीक्षण गरेकाले रेफर अस्पतालमा उपचार गरेबापत १० प्रतिशत सहभुक्तानी तिर्नुपर्ने बताए । प्राथमिक स्वास्थ्य केन्द्र, आधारभूत अस्पताल, जिल्ला अस्पताल, प्रदेशस्तरीय अस्पताल र आकस्मिक सेवाबाहेकका अर्को जाँचका लागि सिफारिस गरिएको (रेफरल) अस्पतालमा उपचार गर्दा १० प्रतिशत शुल्क बीमितले व्यहोर्नुपर्ने बताइएको छ । बीमितले जथाभावी परीक्षण गर्ने गरेको गुनासो अस्पतालले हामीसँग गरे, ज्ञवालीले भने , बीमितलाई जथाभावी परीक्षण नगरुन् भनेर १० प्रतिशत शुल्क तोकेका हौँ ।बीमितले जिल्ला तहमा उपचार भए पनि काठमाडौँका अस्पतालमा जाँचका लागि सिफारिस (रेफर) माग्ने गरेको अस्पतालबाट गुनासो आएको उनी बताउछन । जिल्ला तहमा पनि उपचारको राम्रो व्यवस्था भए पनि बीमितले काठमाडौँका अस्पतालमा रेफर मागेका गुनासो चिकित्सकबाट आएका छन, उनले भने , त्यही भएर हामीले नै १० प्रतिशत रेफर गरिएको अस्पतालमा उपचार गरे शुल्क लाग्ने कार्यविधि बनाउँदैछौँ । बोर्डले लक्षित वर्गलाई भने शुल्क नतोक्ने भएको छ । लक्षित वर्गमा अतिगरिबी, अति अशक्त अपाङ्गता, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, जटिल खालका क्षयरोगी भएका परिवार र ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिक पर्दछन् । बोर्डले अब प्याकेजमा आधारित उपचार गर्ने भएको छ । कुनै रोगमा कुनकुन रोग देखिन्छन् सोही आधारमा प्याकेजमा नै बीमितको उपचार गरिने भएको हो । क्यान्सर, मिर्गौला, मुटु र गम्भीर प्रकारका रोगको प्याकेजमा नै उपचारको व्यवस्था गर्न थालिएको बोर्डका प्रवक्ता ज्ञवालीले जानकारी दिए । एक पटक रेफर गरेपछि फेरि गर्न नपर्ने गरी कार्यविधि बनाउन थालिएको बताइएको छ । प्रथम सेवा बिन्दुको अस्पतालले रेफर गरे पनि अन्य जुनसुकै अस्पताल पनि उपचारका लागि जान पाइने गरी कार्यविधि बनाउन थालिएको उहाँले जानकारी दिए । यसअघि प्रथम सेवा बिन्दुको अस्पतालबाट रेफर कुनै अस्पतालमा गरेपछि त्यहा पनि उपचार नभए पनि फेरि प्रथम सेवा बिन्दुकै अस्पतालमा आएर रेफर लेख्नुपर्ने रहेको थियो । त्यसले बीमितलाई समस्या पर्ने भएकाले एकपटक रेफर गरेपछि पुनःरेफर गर्नु नपर्ने भएको छ । विसं २०७२/०७३ कैलाली, इलाम र बागलुङ गरी तीन जिल्लाबाट सुरु गरिएको बिमा कार्यक्रम अहिले सबै जिल्लामा लागू छ । अहिलेसम्म ४५ लाख ६२ हजार दुई सय सात जना स्वास्थ्य बिमामा आबद्ध रहेका छन् । प्रतिपरिवार पाँच जनासम्म वार्षिक रु तीन हजार पाँच सयको बिमा गरे रु एक लाखसम्म उपचार सेवा निःशुल्क पाउने गर्दछन् । बिमा गरेबापत बीमितले एक हजार एक सय २३ औषधिजन्य सामग्री निःशुल्क पाउने गर्दछन् । सरकारले अतिगरिबी, अतिअशक्त अपाङ्गता, कुष्ठरोगी, एचआइभी सङ्क्रमित, जटिल खाका क्षयरोगी भएका परिवार र ७० वर्ष उमेर पुगेका ज्येष्ठ नागरिकको भने सरकारले नै बिमा गरिदिने गर्दछ ।
रासस

# टिमुर बेल्जियम र कोरिया निर्यात

गलेश्वर, २३ मङ्सिर
खाद्यान्न बाली उत्पादन नहुने खोल्सा र भिरालो जमिनमा गरिएको टिमुर खेती म्याग्दीका किसानका लागि आम्दानीको माध्यम बन्दै गएको छ । आर्युवेदिक गुणको उत्पादित टिमुर अब नेपालका भान्छामा मात्र सीमित नरहेर बेल्जियम, कोरिया, जापान र तिब्बतमा समेत निर्यात हुन थालेपछि यहाँका कृषकले राम्रो मूल्य पाउन थालेका छन्। म्याग्दीमा सबैभन्दा धेरै टिमुर खेती बेनी नगरपालिका-१०स्थित तोरीपानीमा हुने गरेको छ । टिमुर कृषक आनन्द रिजालका अनुसार गत वर्ष यहाँ पचास मुरीभन्दा बढी टिमुर उत्पादन भएको थियो । यहाँ उत्पादित टिमुर बेनी, जोमसोम, पोखरा र काठमाडौँको बजारमा बिक्री हुनाका साथै विदेशमा समेत निर्यात हुन थालेको उनले बताए । प्रतिकिलो रु दुई हजार पाँच सयदेखि चार हजारका दरले टिमुर बिक्री हुने गरेको सम्बद्ध कृषकहरुले बताए ।
बेनी नगरपालिका-९ को तोरीपानी, धावा, धुपीबोट, ढोलथानका करिब एक सय ५० घरधुरीले व्यावसायिक टिमुर खेती गर्छन् । जिल्लाको २५ हेक्टर जमिनमा टिमुर खेती भएको उक्त कार्यालयले जनाएको छ । धेरैजसो कृषकले बोटबाट टिमुर टिपेर सुकाइ बजारमा पुऱ्याउने गर्दछन् । कतिपय ब्यापारी टिमुर खरिद गर्न गाउँमै आउने गरेका घतानस्थित भूमेसिद्ध टिमुर सञ्जालका अध्यक्ष सागर बानियाँले बताए । यस वर्ष तोरीपानीमा एक सय दश मुरी टिमुर उत्पादन हुने अनुमान गरिएको उनले जानकारी दिए । सञ्जालअन्तर्गत १९ समूहका करिब एक सय घरधुरी कृषकले टिमुर खेती गरेका छन् । तोरीपानीका साथै नेप्टेचौर, स्यानीखेत, काउलेगौडा, भगवती, नारच्याङ, वेग, पिप्ले, ताकम, दरवाङ र मुदी टिमुर खेतीका लागि पकेट क्षेत्र हुन् ।
असोज-कात्तिक महिना टिमुर टिप्ने उपयुक्त समय भए पनि यस वर्ष फलेको फल बोटमै पकाएर टिप्ने योजना रहेको यहाँका कृषकले बताए । टिमुर खेतीले यहाँका विपन्न परिवारको आर्थिक अवस्थामा सुधार आएको छ । स्थानीय जुनकिरी परियारले आफ्नो आम्दानीको मुख्य स्रोत नै टिमुर भएको बताए । गत वर्ष टिमुर बिक्री गरेर रु ३५ हजार आम्दानी भएकामा यस वर्ष फल लाग्ने समयमा असिना र पानी परेकाले टिमुर उत्पादन घट्नाका साथै आम्दानी पनि कम हुने चिन्तामा रहेको उनले उल्लेख गरे । जिल्लामा टिमुर उत्पादन र बजारीकरणका लागि सघाइरहेको गैरसरकारी संस्था इको हिमाल नेपालका कार्यकारी प्रमुख एकनारायण ढकालले टिमुर खेतीको सम्भाव्यता अध्ययन गरी जर्मनीको प्रयोगशालामा परीक्षण गरेर अन्तर ाष्ट्रिय बजारमा पुऱ्याउन सघाइरहेको बताए ।
यस वर्ष यहाँका कृषकलाई टिमुर टिप्न सजिलो होस् भनेर रु दश लाख मूल्य बराबरका औजार उपलब्ध गराएको पनि उनले जानकारी दिए । डिभिजन वन कार्यालयका सहायक वन अधिकृत चन्द्रमणि सापकोटाले जिल्लामा वार्षिक करिब छ मेट्रिक टनको हाराहारीमा टिमुर उत्पादन हुने बताए । फूल फुल्ने र फल लाग्ने समयमा परेको असिना पानीले यसपालि टिमुर उत्पादनमा कमी आएको उनको भनाइ थियो । टिमुरलाई दाल र चटनीमा मसलाको रुपमा प्रयोग गरिन्छ ।
मुखमा राख्दा रमरम गर्ने स्वाद पाइने टिमुरको प्रयोगबाट न्यानोपन बढ्नाका साथै तरकारी, दाल र अचारमा मसलाको रुपमा तथा जडीबुटीको रुपमा प्रयोग गरिन्छ । गाईबस्तुबाट खेतबारीमा लगाएको बाली जोगाउन बारको रुपमा लगाइने टिमुरको बजारमा माग बढेपछि व्यावसायिकरुपले खेती विस्तार भइरहेको छ ।रासस

# महिला हिंसाविरुद्ध १६ दिने अभियान अझै पनि हिंसाकै दलदलमा महिला

काठमाडौँ, २३ मङ्सिर
काठमाडौँ सहरमै आफ्नो प्रेमीले दिएको पीडा र मानसिक यातना सहन नसकेर पुष्पा न्यौपानेले आफ्नो शरीरमा पेट्रोल छर्केर आत्मदाह गरिन् । नुवाकोट घर भई काठमाडौँको बुद्धनगरमा बस्दै आएकी २७ वर्षीय पुष्पाले काठमाडौँको धुम्रबाराहीस्थित आफ्नो प्रेमीकै घरमा पुगेर यही बुधबार आत्महत्या गरिन् ।पुष्पाले दरबारमार्गास्थित केल्मी ब्रान्डका कपडा पसल सञ्चालन गर्दै आएकी थिइन् । काठमाठौँ धुम्बाराही-४ का २९ वर्षीय सुदन सङ्गौलाले त्यही पसलमा आएर कपडा किन्ने गर्थे । गत माघदेखि उनीहरूबीच मोबाइल नम्बर लिएर कुराकानी हुँदै प्रेम सम्बन्ध अघि बढेको थियो । प्रेमलाई विवाहमा परिणत गर्न दुबै परिवारको सहमतिमा २०७९ भदौ १८ मा टीकाटालासमेत भएको थियो । टीकाटालापछि विस्तारै सुदनले पुष्पालाई मानसिक तनाव दिँदै आएका थिए पनि पुष्पाले त्यसलाई सामान्यरूपमा लिदै आएकी थिइन् । तर यही मङ्सिर २७ गते सुदनले टीकाटालाको सुन र सुपारी फिर्ता गरेपछिको मानसिक तनाब सहन सकिनन् र सुदनकै घर अगाडि गएर आत्महत्या गरिन् ।पुष्पाले परिवारको इज्जतका लागि आफूसँग विवाह गर्न सुदनसँग बारम्बार आग्रह गरेकी थिइन् । तर त्यो सफल नभएपछि अन्ततःउनले आफूमाथि भएको मानसिक यातना सहन नसकेर आत्महत्याको बाटो रोज्न पुगिन् ।

आफ्ना प्रमीले दिएको मानसिक यातना सहन नसकेर पुष्पाले आत्महत्या गरेकै दिन बुधबार सुर्खेतका अमरबहादुर आलेमगरले आफ्नी पत्नीको हत्या गरे । सुर्खेतको पञ्चपुरी नगरपालिका-२ का ३८ वर्षीय अमरबहादुर आलेमगरले आफ्नी ३० वर्षकी पत्नी मीना आलेमगरले टाउको काटेर प्लास्टिकमा बोकी प्रहरी चौकी जान लागेको भन्दै हिँडेको देखेर छिमेकीहरू आश्चर्यमा परे । दुई साना छोराछोरी भएका मगर दम्पतीबीच के विषयमा विवाद भएर पत्नीको ज्यान नै लिन पुगे भन्ने विषयमा प्रहरीले अनुसन्धान गरिरहेको छ । अमरले किन पत्नीको हत्या गरे भन्नेबारेमा आफन्तलाई पनि थाहा छैन । छिमेकी र गाउँलेले पनि मीनाको टाउँको काटेर हालमा लिएर गाउँमा निस्किएपछि मात्र थाहा पाए । आफन्तका अनुसार परिवारमा खासै झगडा हुने थिएन । अमर गत वर्ष वैदेशिक रोजगारबाट फर्केका थिए । बुधबार एकैदिन दुई महिलाको ज्यान गएको छ । महिलामाथि हुने हिंसाको बर्बरतापूर्ण उदाहरण हुन् पछिल्ला यी दुई घटना ।तराईमा दाइँजोका विषयलाई लिएर डा पङ्कज चौधरीले आफ्नी पत्नी नेहा चौधरीमाथि गरेको कुटपिटको घटना, नेपाली राष्ट्रिय क्रिकेट टोलीका निलम्बित कप्तान सन्दीप लामिछाने वा नायक पल शाहमाथि नाबालिकालाई बलात्कार गरेको भन्ने घटना सार्वजनिकरुपमा आए पनि थुप्रै यस्ता घटना बाहिर आएका छैनन् । यस्ता धेरै घटनाले नेपालमा पछिल्लो समयमा महिलामाथिको हिंसा बढ्दै गएको देखिएको छ । महिलामाथि हुने हिंसाविरुद्ध संसारभर अहिले महिला हिंसाविरुद्धको १६ दिने अभियान चलिरहेको छ ।

तर महिलाले अकालमै ज्यान गुमाउने र बलात्कार जस्तो जघन्य अपराधमा परेर शारीरिक र मानसिक तनाब झेल्नुपरेको छ । प्रहरीको तथ्याङ्कअनुसार पछिल्लो समयमा महिला हिंसाको घटना डरलाग्दो तरिकाले बढ्दै गएको छ । आर्थिक वर्ष २०७६/७७ मा १५ हजार सात सय ५५ महिला हिंसाका घटना भएकामा आर्थिक वर्ष २०७७/७८ मा १८ हजार नौ सय ६१ छ । एक आर्थिक वर्षमै तीन हजार दुई सय पाँच घरेलु हिंसाका घटना बढेको छ । आर्थिक वर्ष २०७८/७९ मा २१ हजार चार सय ५१ छ । यो वर्ष दुई हजार चार सय ९० घटना बढेको तथ्याङ्क छ । पछिल्ला दुई वर्षमा जबर्जस्ती करणी उद्योगका घटना पनि उत्तिकै बढेको पाइन्छ ।

आव २०७७/७८ मा दुई हजार पाँच सय ३२ भएका छन् भने आव २०७८/७९ मा दुई हजार तीन सय ८० छन् । राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुली महिला हिंसा बढ्नुमा हिंसा सहनु हुँदैन भन्ने भन्ने सोचमा वृद्धि भएको र सूचना प्रविधिको विकासले सामाजिक सञ्जालमार्फत साइबर अपराध पनि बढ्दै जानु मुख्य भएको बताउनुहुन्छ । सूचना प्रविधिको विकाससँगै हिंसाका नयाँ रुप फेरिएको छ र बढ्दै पनि गएको छ, उहाँले भन्नुभयो, अहिलेसम्म पनि महिला हिंसाको कमी आउन सकेको छैन तर सकारात्मक पक्ष के छ भने हिंसा सहनु हुँदैन भन्ने चेतना आएको छ, न्यायका लागि हिंसाविरुद्ध आवाज उठाउनुपर्छ भन्ने चेतना आउनु महत्वपूर्ण पक्ष हो । पहिला धेरै महिलाले आफूमाथिको हिंसा दबाएर अनि सहेर बस्ने गरेको तर पछिल्लो समयमा हिंसाविरूद्ध आवाज उठाउन थाल्दा घटना बढेको अध्यक्ष पराजुलीको ठहर छ । लैङ्गिक हिंसा हुनुका कारण महिलाको सानै उमेरदेखि घर व्यवहार र बालबच्चाको दायित्व बढी हुनु, महिलाले शैक्षिक अधिकार उपयोग गर्न नपाउनु र स्वआर्जन गर्न नपाउनु मुख्य हो, अध्यक्ष पराजुलीले थप्नुभयो, कानुनको प्रभावकारी कार्यान्वयन हुन नसकेसम्म यसमा सुधार आउन गाहे छ ।

महिला हिंसाका घटनाको अध्ययन गर्न र भएका कानुनको कार्यान्वयन र परिमार्जनका लागि सरकारलाई सिफारिस गर्न महिला आयोगको स्थापना गरिएको हो । आयोगले अहिले विभिन्न सरोकारवाला निकाय र स्थानीय तहसँग पनि मिलेर काम गरिरहेको छ । पीडितले सिधै टोल फ्रि नम्बर ११४५ बाट पनि टेलिफोन गरेर घटनाका बारेमा टिपाउन सक्छन् । अध्यक्ष पराजुलीका अनुसार आयोगले आवश्यकतानुसार पीडितलाई उद्धार गरेर सुरक्षित आश्रयस्थलमा राख्ने गरेको छ । कानुनीरुपमा पनि निःशुल्क कानुनी सेवा प्रदान गर्दै आएको छ ।

तिनै तहका सरकार र अन्य सरोकारवाला निकायसँग मिलेर गरिरहेको छ । महिला हिंसाका घटना कम गर्नका लागि चार दशक अगाडिदेखि जिल्ला जिल्लामा सञ्चालन हुँदै आएको महिला बालबालिका कार्यालय आवश्यक भएको उहाँको बुझाइ छ ।

पीडितलाई जिल्लाबाटै न्यायका मिल्थ्यो तर सङ्घीयता कार्यान्वयनसँगै महिला बालबालिका कार्यालय छैन, अध्यक्ष पराजुलीले थप्नुभयो, जिल्लामा महिला हिंसाका घटनाको सम्बोधन गर्ने निकाय नहुँदा समस्या बढ्दै गएको छ ।लैङ्गिक हिंसा न्यूनीकरणका लागि महिला आयोगले मात्र गर्न नसक्ने भएकाले ७७ जिल्ला र सात सय ५३ वटै स्थानीय तहका सरकारसँग मिलेर काम गर्नुपर्ने र सोहीअनुसार गरिरहेको उहाँले जानकारी दिनुभयो । नेपालमा महिला हिंसा न्यूनीकरणका लागि धेरै कानुन व्यवस्था भए पनि प्रभावकारी कार्यान्वयन हुन नसक्दा महिला हिंसामा कमी आउन सकेको देखिदैन ।नेपालको संविधानको मौलिक हकअन्तर्गत धारा ३८ मा महिलाको हकको व्यवस्था गरिएको छ । यसमा भनिएको छ, महिलाविरुद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गरिने छैन, त्यस्तो कार्य कानून बमोजिम दण्डनीय हुनेछ र पीडितलाई कानूनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ ।मौलिक हकअन्तर्गत नै धारा २१ मा अपराध पीडितको हकसम्बन्धी व्यवस्था छ ।

अपराध पीडितलाई आफू पीडित भएको मुद्दाको अनुसन्धान तथा कारबाहीसम्बन्धी जानकारी पाउने हक हुनेछ, अपराध पीडितलाई कानूनबमोजिम सामाजिक पुनःस्थापना र क्षतिपूर्तिसहितको न्याय पाउने हक हुनेछ, भनी व्यवस्था गरिएको छ ।

घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ मा पनि महिला हिंसा रोकथामका लागि व्यवस्था गरिएको छ । तर भएका कानुनको पूर्णरूपमा कार्यान्वयन हुन नसक्दा आज पनि महिला विभिन्न हिंसाको सिकार भइरहेका छन् ।'सभ्य समाजको पहिचान : लैङ्गिक हिंसाविरुद्धको अभियान' भन्ने नाराका साथ यस वर्ष पनि नेपालमा विभिन्न कार्यक्रम गरी मनाउँदै आएको छ । नेपालमा २०१४ सालदेखि यो दिवस मनाउन सुरु गरिएको हो । विश्वमा यो दिवस सन् १९९१ देखि मनाउन थालिएको हो । लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको सुरुआत महिलामाथि हुने हिंसा अन्त्यका लागि सन् १९९१ मा 'सेन्टर फर ओमन्स ग्लोबल लिडरसीप'को सहयोगमा विभिन्न २३ देशका उत्साहित महिला अधिकारकर्मी समूहले गरेको थियो।महिला अधिकारकर्मीले २५ नोभेम्बरदेखि १० डिसेम्बरसम्म अन्तर्राष्ट्रिय अभियानका रुपमा विश्वव्यापीरुपमा मनाउन थालिएको हो । महिलामाथि हुने हिंसा मानवअधिकार हनन्को सबाल हो भन्ने मान्यता स्थापित गर्दै सोहीअनुरुप काम गर्न सबै राष्ट्र तथा संयुक्त राष्ट्र सङ्घलगायत अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरोकारवाला निकायलाई आह्वान गर्ने यो अभियानको उद्देश्य हो । यो अभियानअन्तर्गत समुदायदेखि सबै तहसम्म विभिन्न गतिविधि र कार्यक्रम गरी मनाउने गरिन्छ ।यसको सन्दर्भ डोमिनिकन गणतन्त्रका मिरावेल परिवारका तीन साहसी दिदीबहिनी पेट्रिया, मिनर्भा र मारियाको तत्कालीन त्रुजिलो तानाशाही सरकारले सन् १९६० नोभेम्बर २५ मा गरेको हत्यासँग जोडिएको छ । त्यसैले यसलाई ल्याटिन अमेरिकी देशमा महिला हिंसाविरुद्धको दिवसका रुपमा मनाउन थालिएको हो । यसरी यी तीन दिदी बहिनीहरूको हत्यालाई महिला विरुद्धको हिंसाका रूपमा लिई महिलावादीहरूद्वारा उनीहरूको सम्झनामा विभिन्न कार्यक्रम आयोजना गर्दै मनाउने परम्पराको सुरुआत गरिएको हो । पछि सन् १९९९ मा संयुक्त राष्ट्रसङ्घद्वारा यसलाई आत्मसाथ गरी नोभेम्बर २५ को दिनलाई संसारभर नै महिलाविरुद्धको हिंसा अन्त्यका लागि अन्तर्राष्ट्रिय दिवसका रूपमा स्थापित गरियो ।

त्यसैगरी सन् १९९१ मा नै क्यानाडाका युवाले सेतो रिबन बाँधेर यो दिवस 'म हिंसा सहन्न, आफू पनि गर्दिन, र देखेमा प्रतिकार गर्छु' भनी सेतो रिबन अभियान सञ्चालन गरेका थिए । त्यस समयदेखि सेतो रिबनलाई लैङ्गिक हिंसाविरुद्ध प्रतिबद्धताको प्रतीकका रुपमा प्रयोग गर्दै आएको पाइन्छ ।बर्सेनि लैङ्गिक हिंसाविरुद्ध १६ दिने अभियान मनाइरहँदा महिलामाथि हिंसा हुनेक्रम रोकिएको छैन ।

आफ्नो बाँच्न पाउने अधिकारबाट महिला दिन प्रतिदिन बञ्चित हुँदै गएका छन् । देशमा महिला हिंसाविरुद्धका कानुनहरु छन् तर प्रभावकार रिुपमा कार्यान्वयन हुन नसक्दा एकातिर महिला पीडित भइरहनु परेको छ भने अर्कोतिर पिडकहरु प्रोत्साहित भएका छन् । दण्डहीनताले महिला हिंसामुक्त वातावरणमा बाँच्न पाएका छैनन् ।

## बारामा 'यमगज'को रजगज.........

अभिभावकबाट निकालिएका हात्तीहरु फर्केर पुरानो समुहमा आउँन सक्दैनन् र उनिहरुले आफु जस्तै स्वभाव भएका र परिवारबाट निकालिएका हात्तीहरुको समुहमा मिसिने गर्दछन् । यसरी फरक फरक पारिवारिक समुहवाट निकालिएका जंगली हात्तीहरुले एक भएर जनधनको क्षतीमा संग्लन हुने गर्दछन् । यिनै हात्तीहरुको कारण मानव र हात्तीबीच द्वन्द्व सिर्जना हुने हात्ती बिशेषज्ञ डा. अशोक रामले जनाएका छन् ।

'परिवारबाट निकालिएका हात्तीहरुले भर्खरै आफुलाई अति माया गर्ने हजुरआमा, आमालाई गुमाएको पिडा उनिहरुसँग हुन्छ, नयाँ साथीहरुबाट पनि सम्मानजनक व्यवहार नपाउदाँ यस्ता जंगली हात्तीहरुले बढी घटना गराउँछन्, पहिलो पटक जंगलबाट निस्किएका हात्ती एकदमै डराउने स्वभावका हुन्छन्, तर पछि समुहका साथीहरुले जे गर्छन् त्यही काम नयाँ हात्तीले पनि सिक्दछ' डा. अशोक रामले भने 'हिजोसम्म समुहमा हजुरआमाले माया गरेर राखेको हुन्थ्यो,आज समुहबाट निकालिनु परेको र नयाँ साथीहरुको समुहममा जाँदा त्यहाँ पनि अत्यन्त कमजोर भएर बस्नुपर्ने अवस्था, नयाँ समुहको नेतृत्वले जे भन्छन् त्यो मान्नुपर्ने बाध्यताले त्यस्ता खालका हात्तीहरु अलि बढी विनाशकारी हुने गर्दछन' पारिवारिक समुहबाट पहिला नै छुट्टिएका हात्तीहरु भने घर कसरी भत्काउने, बालीनाली कसरी नोक्सान गर्ने,चरिचरन गर्ने, कसरी कुन बाटो जाने सबै अनुभव हुने गर्दछ । भने नयाँ हात्तीलाई मान्छेलाई हान्ने अनुभव हुदैन् उस्ले तत्कालै मान्छेलाई आक्रमण नगर्ने निकुञ्जले जनाएको छ ।

हात्तीसँग ३५ किलोमिटर अगाडीको भुभागको अध्ययन, आफ्नो पुर्खा हिडेको बाटो, आफ्नो समुह कहाँ छ, खाने कुरा कहाँ छ भन्ने कुरा पत्ता लगाउन सक्ने क्षमता हुन्छ ।

यसरी पारिवारिक समुहबाट निकालिएका हात्तीहरुको छुट्टै समुह हुने गर्दछ । हात्ती विशेषज्ञ डा. अशोक रामले नयाँ हात्तीको तुलनामा गाँउ चहारेर, बन्दुकको गोली खाईसकेको हात्तीले बढी जनधनको क्षती गर्ने र यस्तो प्रकृतीका हात्तीलाई नियन्त्रणमा लिन कठिन हुने बताउँछन् । ६० प्रतिशत हात्तीहरु दाह्रा काटेपछि पनि नियन्त्रणमा आउँने गर्दछन् तर, पछिल्लो समय निकुञ्ज आईपुगेको यमगज भने दाह्रा काटेपनि स्वभावमा खासै परिवर्तन नआएको निकुञ्जले जनाएको छ । 'दाह्रा काट्दा पनि भएन भने तेस्रो चरणमा अगाडि खुट्टामा बाधेर राख्ने हो,यो भनेको हात्तीलाई मार्नु भन्दा अगाडिको विकल्प हो' उनले भने 'नेपालमा हात्तीलाई माने कानुनी अधिकार छैन्,तथापी धेरै समस्या भयो भने विभिन्न चरण अपनाएर त्यसलाई नियन्त्रणमा लिने प्रयास गरिन्छ' नेपालमा २ सय २७ वटा जंगली हात्ती अध्ययनको क्रममा देखिएको छ भने १सय ७७ वटा घरपालुवा हात्ती रहेका छन् । १०५ वटा घरपालुवा हात्ती चितवन, पर्सा, शुक्लाफाँट, बर्दिया राष्ट्रिय निकुञ्जहरुमा रहेका छन् । यि बाहेक पनि भारतको आसामबाट वर्षेनी सयौंको संख्यामा नेपालमा हात्तीहरु आउँने गर्दछन् । विगत दुई दशकको अवधीमा देशभरमा २ सय २३ जनाको हात्तीको आक्रमणबाट मृत्यु भईसकेको छ भने मानविय गतिविधिका कारणले हालसम्म ४४ वटा हात्तीको ज्यान गएको छ । जसमध्ये अधिकाशं हात्तीहरु करेन्ट लागेर र ८ वटा हात्तीहरु गोली लागेर मृत्यु भएको छ। मृत्यु भएका मध्ये ४ वटा हात्तीहरुको दाहा चोरी भएको छ । दाह्रा चोरी भएका घटनाले नेपालमा हात्तीको दाह्रा चोरी तस्करी बढ्छ कि भन्ने चिन्ता देखिएको हात्ती बिशेषज्ञ डा. अशोक रामले जनाएका छन् ।

## शुल्क निर्धारणले अभिभावकलाई....................

दिनुपर्ने कुनै कारण नभएको बताउँदै संघर्ष समितिको नाममा महानगरको निर्णय भाडन खोज्नेहरुको पछि सर्वसाधारण अभिभावक नलाग्न आग्रह गरे ।

'लामो समयको तयारी पश्चात वीरगञ्ज महानगरपालिकाले बीरगंजका निजी विद्यालयहरुको वर्गीकरण गरेको हो' सिंहले भने 'वीरगञ्जमा सञ्चालित निजी विद्यालयहरुले मनपरी शूल्क उठाइरहेको अभिभावकको गुनासो पछि महानगरले त्यसलाई व्यवस्थित गर्न निजी विद्यालयको वर्गिकरण र शुल्क निर्धारण गरेर सूचना सार्वजनिक गरेको हो ।'सूचना बिहिबार प्रकशीत भएको छ ।

विद्यालय वर्गीकरण तथा शूल्क निगरर्धारणका लागि महानगरले नगर प्रमुख राजेशमान सिंहको संयोजकत्वमा समिति गठन गरेको थियो ।समितिमा महानगरका प्रमुख प्रशासकीय अधिकृत, शैक्षिक प्रशासन महाशाखा प्रमुख, शिक्षक, अभिभावक शिक्षाविद लगायतका सदस्य थिए ।

पत्रकार सम्मेलनमा महानगरपालिकाका शैक्षिक प्रशासन महाशाखा प्रमुख अरविन्द लाल कर्णले महानगरले विद्यालयहरुको वर्गीकरण नेपाल सरकारको विद्यालय वर्गीकरण निर्देशिकाको १ सय ३० भन्दा बढी सूचकलाई आधार मानेर गरेको जानकारी दिए ।

यता पत्रकार सम्मेलनमा नगर प्रमुख राजेशमान सिंहले कानुन विपरित गठन भएको अभिभावक संघर्ष समितिको पटक पटक नाम लिएसँगै शुक्रबारनै अभिभावक संघ नामक संस्था जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको छ । जिल्ला प्रशासन कार्यालयमा संस्था दर्ता ऐन २०३४ को उपदफा ४ बमोजिम संस्था दर्ताको प्रमाण पत्र अभिभावक संघ पर्साले लिएको जिल्ला प्रशासन कार्यालय पर्साका प्रशासकीय अधिकृत विनय कुमार श्रीवास्तवले बताए ।

# लैङ्गिक हिंसाविरुद्धको र्‍यालीमा मुसहर महिलाहरुको सहभागिता

मधेशदृष्टि
सर्लाही, मंसिर २३ ।
लैङ्गिक हिंसाविरुद्धको १६ दिने अभियानको क्रममा सर्लाहीमा आयोजित एक कार्यक्रममा मुसहर जातिका महिलाहरु सहभागी भएकी छिन ।



मुसहर महिला सशक्तिकरण मञ्च चन्द्रनगरद्वारा आयोजित सो कार्यक्रममा जनचेतना मुलक र्‍याली तथा अन्तरक्रिया गरिएको छ । चन्द्रनगरको बानटोल, पोखरीया, बडकुर्वा, नाडीताल, कामत, बिर्ता बजारका २५० जना भन्दा बढी मुसहर महिलाहरुले विभिन्न जनचेतनामुलक सन्देस सहित व्यानर, पर्चा र पम्मप्लेट सहित सहभागिता जनाएकी छिन ।

सो जनचेतनामुलक कार्यक्रमको प्लेकार्डमा श्रमशोषण बन्दगरौं, जाडरक्सी बन्दगरौं, समान ज्याला कायमगरौं, बालबालिकालाई पढ्न पठाऔं, छुवाछूत बन्द गरौं, भुमिहीन सुकुमबासीहरुलाई जग्गा दिऔं भन्ने लेखिएको नारासहित मुसहर जातिका महिलाहरु नगर परिक्रमा गरेका थिए ।

सो र्‍यालीमा चन्द्रनगर गाउँपालिकाका प्रमुख राजकुमार महतो, इश्वरपुर इलाका प्रहरी कार्यालयका प्रमुख रौसन थापा, मुसहर अगुवाहरु र साप नेपालका कार्यक्रम संयोजक सहित अन्य किशोर किशोरीहरु महिलाहरु, बिद्यार्थीहरु र मुसहर अगुवाहरु समेत सहभागी भएका छन ।

नगरको टोल तथा बजार परिक्रमा पछि र्‍यालि कोण सभामा परिणत भएको थियो । अण्डेफ र साउथ एसिया पार्टनरसीप नेपाल (साप नेपाल) को सहयोगमा मुसहर महिला सशक्तिकरण मन्चको आयोजनामा संचालन गरेको सो र्‍याली तथा अन्तरक्रिया कार्यक्रममा २ सय ५० जनाको उपस्थिति रहेको साप नेपालका कार्यक्रम संयोजक जनक कार्कीले जानकारी दिएका छन । मुसहर महिला सशक्तिकरण मन्चकी अध्यक्ष पतीदेवी माझीले मन्तव्यको क्रममा समुदायमा अझै पनि दलितहरुको श्रम चल्ने तर उनीहरुले छोएको पानी नचल्ने गरेको गुनासो गरिन् । उनले भनिन् महाजनको घरमा धान काटने, गाई बस्तुको धन्दा गर्दा नछोइने तर लाईटर मागदा छोइन्छ भनेर नदिएको उनले बताइन । समुहको अगुवा शिवकली देवी माझीले दलितका बालबालिका माथी विद्यालयमा समेत भेदभाव र हिंसा हुने गरेकाले समुदाय स्तरबाटनै हिंसा विरुद्ध एकजुट हुनुपर्ने बताइन् ।

चन्द्रनगर गाउँपालिकाका अध्यक्ष राजकुमार महतोले शिक्षा, स्वास्थ्य, आर्थिक, सामाजिक र राजनीतिक हिसाबले पछाडि परेका सीमान्तकृत समुदायका मुसहर महिलाहरु अधिकार खोज्दै सडकमा आएकाले आगामी दिनमा समुदायमा महिला हिंसा, बाल विबाहको घटनाहरु कम हुने विश्वास व्यक्त गरे । उनले गाउँपालिकाले १२ कक्षा पास गरेर २० बर्ष पछि विबाह गर्ने बालिकालाई ५० हजार रुपैया विबाहको मण्डपमै गएर उपहार स्वरुप दिइने बताए । साथै अगाडि पढ्न चाहेमा ११ हजार रुपैया सहयोग गने बताए ।

यसका साथै दलित महिला लक्षित कार्यक्रम तथा योजनाहरु बनाउने प्रतिवद्धता जनाए । मुसहर अगुबा पचुलाल माझीले दसकौं देखि विभिन्न बिभेद् सहदै आएका मुसहर समुदायका महिलाहरु केही समय यता आफ्नै अगुवाईमा लैङ्गिक हिंसाविरुद्ध कार्यक्रम आयोजना गरेर सडकमा आएको देख्दा खुसी लागेको भने ।

## संजय टकलाकी बहिनी अनिता ..........................

सक्रिय हुनुभएको हो महोत्तरीको मनरासिसवा नगरपालिकाको मेयरमा पराजित हुनुभएको हो ।'

त्यस्तै मधेशी महिला कोटामा बबिता राउतको नाम पनि चयन गरिएको छ । राउत जनमत पार्टीका अध्यक्ष सिके राउतकी भाउजू हुन् । यद्यपि उनी जनमत पार्टीमा पहिलादेखि नै क्रियाशील रहेकी सो पार्टीका नेताहरु बताउँछन् ।

यता, चन्दनकुमार सिंह मधेशी अल्पसंख्यक कोटाबाट समानुपातिक सदस्यमा चयन भएका छन् ।

उनी जनमत पार्टीमा केन्द्रीय महासचिव हुन् । त्यसैगरी,वसन्तकुमार कुशवाहालाई मधेशी कोटाबाट समानुपातिक सदस्यमा चयन गरिएको छ । कुशवाहा पार्टीका केन्द्रीय उपाध्यक्ष हुन् । सिके राउतले स्वतन्त्र मधेस गठबन्धन बनाउँदा उनी दुबईमा बस्थे । त्यहीबाट सो गठबन्धनलाई सहयोग गर्थे । जनमत पार्टी बनाएपछि उनी दुबई छाडेर नेपाल फर्केका हुन् । हाल उनी पार्टीमा सक्रिय भएर लागेका छन् ।

उता, रञ्जुकुमारी खंग (खत्वे) लाई दलित महिला कोटाबाट र हसिना खातुनलाई मुस्लिम महिला कोटाबाट समानुपातिक प्रदेशसभा सदस्यमा चयन गरिएको छ ।

त्यस्तै भाग्यश्री कुमारी चौधरीलाई आदिवासी जनजाति महिला कोटाबाट समानुपातिक सदस्यमा चयन गरिएको छ । उनीहरूको नाम निर्वाचन आयोगमा पठाउने तयारी भइरहेको सो पार्टी निकट स्रोतले जनाएको छ ।





गुजरात राज्यका मुख्यमन्त्री, भूपेन्द्रभाई पटेल अहमदाबादमा एक अभिनन्दन समारोहमा इशारा गर्दै । - भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीको पार्टीले आफ्नो गृह राज्यमा ऋशिंग भूस्खलनबाट जित्यो, निर्वाचन परिणामहरूले बलियो प्रदर्शनमा देखाए । २०२४ मा हुने राष्ट्रिय भोट अगाडी । (फोटोः साम पन्थकी / एएफपी)

# गुजरात निर्वाचनः मोदी कसरी भारतमा मत तानिरहन सक्ने नेता भए छन ?



काठमाण्डौ,मंसिर २३
भारतका पदासीन राजनीतिज्ञ विश्वकै सबैभन्दा असुरक्षितमध्येमा गनिन्छन् । एकजना अग्रणी विश्लेषक रुचिर शर्माले कुनै बेला भनेका थिए, "भारतमा तीनमध्ये दुई सरकार सत्ताबाट हट्छन्। अमेरिकामा त्यस्तो सङ्ख्या ठ्याक्कै उल्टो छ - तीनमध्ये दुई निर्वाचित हुन्छन् " तर नरेन्द्र मोदी अपवादका रूपमा छन्। सन् २०१४ मा दिल्ली जानुअघि भारतीय जनता पार्टी (भाजपा)का यी नेताले लगातार तीनवटा विधानसभा चुनाव जित्दै १२ वर्षभन्दा बढी समय गुजरातमा शासन गरेका थिए । त्यसयता उनको नेतृत्वमा भाजपाले भारतमा शासन गर्नका लागि दुई निर्णायक जित हासिल गरेको छ ।

बिहीबारको कीर्तिमानी जितमा भाजपाले उक्त राज्यको संसद् विधानसभामा १८२ मध्ये १५६ सिट जितेको छ र लोकप्रिय मतको आधाभन्दा बढी हिस्सा उसकै भागमा छ । जसले भाजपालाई उक्त राज्यमा सातौं कार्यकालका लागि बाटो खोलेको छ। धेरै विश्लेषकहरूले भन्ने गरेझैं यसले मोदीलाई "गुजरातको पर्याय" रहेको प्रमाणित गरेको छ । मोदीले गुजरातलाई आफैंप्रतिको जनमत सङ्ग्रहको रूपमा हेरेका थिए । उनले ३० भन्दा धेरै चुनावी प्रचारमा मन्तव्य दिए भने मतदातामाझ कैयौं किलोमिटरका 'रोड सो'मा सहभागी भए। त्यसले समाचारमा समेत उनी राम्रोसँग छाउन सके ।

उनले गुजरातको 'अस्मिता'को बारेमा कुरा गरे र मतदाताहरूलाई आफू र भाजपा सरकारमा 'विश्वास' गर्न आह्वान गरे। "तपाईं प्रधानमन्त्रीले राज्यका चुनावमा धेरै समय र ऊर्जा खर्चने कुरा सोच्नुहुन्न," गुजरातको महाराजा सयाजिराओ युनिभर्सिटीमा राजनीति शास्त्रका प्राध्यापक अमित ढोलकियाले भने । उनको कठोर हिन्दू राष्ट्रवादसँग जोडिने आर्थिक विकास मतदातामाझ ठूलो आकर्षण बनेको छ। सन् २००२ मा उनी पहिलो पटक शक्तिमा पुगेलगत्तै भएको धार्मिक दङ्गाले गुजरातलाई अप्ठ्यारोमा पारेको थियो । तर त्यसले उनको लोकप्रियतालाई चोट पुऱ्याएन। गुजरात, भारतको धेरैजसो लगानी र प्रतिव्यक्ति आयमा अगाडि देखियो र देशकै चौथो ठूलो अर्थतन्त्रको रूपमा उदायो। यद्यपि अन्यत्र भारतमाझैं यहाँ समेत बेरोजगारी बढिरहेको छ भने महँगी समेत बढिरहेको छ । शिशु तथा मातृ मृत्युदरजस्ता स्वास्थ्य सूचकमा गुजरात कम धनी राज्यहरूभन्दा पछाडि परेको छ । स्थानीय सरकारमा मोदीका उत्तराधिकारीहरूले मतदातासँग उनलेजस्तै सम्बन्ध कायम गर्न सकेनन् । सन् २०१७ मा विपक्षी काङ्ग्रेसको प्रभाव र प्रभावशाली जमिनदारहरूले पार्टीभित्रै विद्रोह गरेपछि उक्त पार्टीले विधानसभा चुनावमा झिनो अन्तरले जितेको थियो ।

"तर मोदीको प्रवेश भएसँगै पूरै कथा परिवर्तन हुन्छ," द प्रिन्ट अनलाइन पोर्टलका प्रधान सम्पादक शेखर गुप्ताले भन्छन् । विश्लेषकहरूका भनाइमा गुजरातमा भाजपालाई पर्ने असरले मोदीको दल मात्र होइन मोदी स्वयंको छविलाई समेत असर पर्ने कुरा उनले बुझेका छन । यसपटक उनले गृह राज्यमा धेरै समय बिताउनुको कारण अरविन्द केजरीवाल नेतृत्वको विपक्षी आम आदमी पार्टी (आप) आउनु समेत हो । आपले दिल्लीमा सन् २०१५ यता शासन गरिरहेको छ भने यस वर्षको सुरुमा एउटा मुख्य राज्य पञ्जाबमा समेत जित हासिल गरेको छ । बुधवार उक्त दलले राजधानी दिल्लीको एउटा धनी नगरपालिकामा समेत नियन्त्रण कायम गऱ्यो जहाँ भाजपाले १५ वर्ष शासन गरेको थियो। मोदीलाई परास्त गर्न चाहने केजरीवाल एकजना त्यस्ता उत्साही नेता हुन् जो सन् २०१४ को आमनिर्वाचनमा मोदीलाई हराउन भन्दै बनारस पुगेका थिए (जहाँ उनी हारे)। गुजरातमा उनको दलले पहिलो पटक पाँच सिट जित्यो तर झण्डै १३ प्रतिशत लोकप्रिय मत पायो जुन धेरैजसो मुख्य विपक्षी कङ्ग्रेसलाई क्षति पुग्नेगरी आएको थियो। "उसले प्रतिपक्षमा स्थान बनाएको छ जसलाई तल्लो तहको सञ्जाल र विश्वसनीय नेताहरू आवश्यक छ," प्राध्यापक ढोलकिया भन्छन्। विश्वव्यापी रूपमा बजारको अध्ययन गर्ने एक कम्पनी यूगोभ र दिल्लीमा रहेको थिङ्कट्याङ्क सेन्टर फर पोलिसी रिसर्च (सीपीआर)को एक सर्वेक्षण अनुसार यस वर्षको सुरुमा २०० भन्दा धेरै सहर र नगरमा आपले भाजपाको राष्ट्रिय विकल्पको रूपमा आधार बनाइरहेको पाइएको थियो । जसले गर्दा उसले अहिले कङ्ग्रेसले प्राप्त गरिरहेको विपक्षी स्थान पाउने सम्भावना देखिन्छ। "उनीहरूले दैलोमा खुट्टा राखेका छन्। त्यसको अर्थ उनीहरूले आउँदो चुनाव जित्छन् भन्ने होइन तर उनीहरू राज्यमा राजनीतिक प्रतिस्पर्धी भएका छन्," सीपीआरका अनुसन्धाता राहुल वर्मा भन्छन् । तर मोदीको भाजपा परास्त गर्न कठिन कामका रूपमा छ। मत प्राप्तिका लागि प्रश्न उठाउन नसकिने गरी मोदीले गर्ने आह्वानलाई उनको दलको हिन्दूवादी विचारले समेत सहयोग गरेको छ । त्यसबाहेक शक्तिशाली सङ्गठन, पर्याप्त स्रोत, शासनको कीर्तिमान, बलियो सामाजिक गठबन्धन र धेरै हदसम्म सहयोगी सञ्चारमाध्यम उनका लागि सहयोगी बनेको छ। कमजोर विपक्षी समेत मोदीका लागि लाभदायक देखिन्छ । विश्लेषकहरूका भनाइमा कङ्ग्रेस पार्टीले गुजरातमा भएको कामको विरोध गर्छ जुन मतदाताका लागि अब आकर्षक लाग्दैन । भाजपाले अब गुजरातमा लगातार २९ वर्षका लागि शासन गर्न लाग्दैछ। भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी)ले मात्र कीर्तिमानी ३४ वर्ष लगातार शासन गरेका छन्। र, ७२ वर्षीय मोदी आफ्नो राज्य र बाहिर सत्तासिनविरोधी मतलाई परास्त गर्ने व्यक्तिको रूपमा कायम छन् । विविसी

# तनहुंमा सर्वाधिक राशिको फुटबल प्रतियोगिता हुंदै

तनहुँ, २३ मङ्सिर
व्यास नगरपालिका-१ भादगाउँस्थित दोभान युवा क्लबले जिल्लामा सर्वाधिक राशिको खुला पुरुष फुटबल प्रतियोगिताको आयोजना गरेको छ । यही मङ्सिर २९ देखि आगामी पुस ७ गतेसम्म दोस्रो दोभान तथा प्रथम राजेन्द्र स्मृति कप २०७९ आयोजना गरिएको जनाइएको छ । प्रतियोगितामा प्रथम हुनेलाई रु दुई लाख पाँच हजार पाँच सय ५५, दोस्रोलाई रु एक लाख १५ हजार पाँच सय ५५ सहित प्रमाणपत्र, मेडल र कप प्रदान गरिने क्लबका सचिव सुमन बस्नेतले जानकारी दिए । अनुशासित टोलीलाई रु आठ हजार, उत्कृष्ट डिफेन्डर, सर्वाधिक गोलकर्ता र उत्कृष्ट गोलरक्षकलाई रु पाँच हजारका दरले नगद तथा प्रमणपत्रका साथमा मेडल प्रदान गरिनेछ । उत्कृष्ट खेलाडीलाई रु सात हजार पाँच सय र म्यान अफ द म्याचमा रु एक हजार पाँच सय तथा प्रमाणपत्र र मेडल प्रदान गरिनेछ । खुला सेभेन ए साइड पुरुष फुटबल



प्रतियोगितामा १५ टोलीले दर्ता गरिसकेको क्लबका उपाध्यक्ष कृष्णबहादुर दरैले जानकारी दिए । विसं २०५५ मा दर्ता भएको यस क्लबले समाजमा स्वास्थ्य, सरसफाइ, शिक्षा र सुरक्षासम्बन्धी जनचेतनामूलक कार्यक्रमका साथै खेलकूदका माध्यमबाट समाज र देशका लागि योग्य खेलाडी उत्पादनमा महत्वपूर्ण भूमिका खेल्दै आएको छ । खेल स्वास्थ्यका लागि, खेलाडी राष्ट्रका लागि भन्ने मूल नाराका साथ आयोजित उक्त फुटबल प्रतियोगिता व्यास-३ बिपी वनबाटिकामा हुने आयोजक समितिले जनाएको छ । प्रतियोगितामा रु नौ लाख सत्ताइस हजार एक सय दश खर्च हुने र रु आठ लाख सात हजार एक सय दश अपुग रहेको क्लबका अध्यक्ष नलबहादुर दरैले जानकारी दिए । उक्त प्रतियोगितालाई सफल बनाउनका लागि नगरपालिका, वडा कार्यालय, स्थानीय टोल विकास संस्था, आमा समूह, व्यवसायी र शुभेच्छुकसँग सहयोगको अपेक्षा गरिएको उनले बताए । प्रतियोगितामा सहभागी हुन चाहनुहुने टोलीले मङ्सिर २८ गते बेलुकी ५ बजेसम्म दर्ता गरि सक्नुपर्ने क्लबले जनाएको छ ।रासस

# आज देखि प्रथम मेयर कप फुटबल

चितवन, २३ मङ्सिर
रत्ननगरमा शनिबारदेखि प्रथम मेयर कप फुटबल प्रतियोगिता हुने भएको छ । रत्ननगर नगरपालिकाको आयोजनामा जिल्लाका सात पालिकाको सहभागितामा नगरपालिकास्तरीय प्रथम मेयर कप फुटबल प्रतियोगिता गर्न लागिएको हो ।

कार्यक्रमका संयोजक कृष्ण चौधरीका अनुसार यही मङ्सिर २४ देखि आगामी पुस २ गतेसम्म प्रतियोगिता हुने छ । नेपाल माविको खेल मैदानमा हुने प्रतियोगिताको तयारी अन्तिम चरणमा पुगेको उनले बताए । प्रतियोगितामा प्रथम हुने टोलीलाई रु एक लाख ११ हजार एक सय ११ र द्वितीय हुनेलाई रु ५५ हजार पाँच सय ५५ नगदसहित शिल्ड र मेडल प्रदान गरिने छ । चौधरीले



प्रत्येक खेलमा म्यान अफ दि म्याच हुने खेलाडीलाई रु दुई हजार पाँच सय र सम्पूर्ण खेल मध्ये म्यान अफ दि सिरिज हुने खेलाडीलाई रु १२ हजार पाँच सय प्रदान गरिने जानकारी दिए । प्रतियोगिताका लागि नगरपालिकाले रु सात लाख ९८ हजार छ सय ६६ बजेट बिनियोजन गरेको उनले जानकारी दिए । नगरपालिकास्तरीय मेयर कप भइरहने भए पनि जिल्लास्तरीय अन्तर नगरपालिका फुटबल भने पहिलो भएको चौधरीले जानकारी दिए । जिल्लाका एक महानगरपालिका, पाँच नगरपालिका र एक गाउँपालिकाका खेलाडीको सहभागिता रहने छ ।रासस

# नेपाल टी-२० लिग पुस ८ गतेदेखि हुने




२३ मंसिर, काठमाडौं ।
नेपाल क्रिकेट संघ (क्यान) ले आधिकारिक रुपमा आयोजना गर्न लागेको नेपाल टी-२० लिगको पहिलो संस्करणमा काठमाडौं नाइट्स भित्रिएको छ ।काठमाडौं गोर्खाजले नाम फिर्ता लिएपछि उसको सट्टामा क्यानले काठमाडौं नाइट्सलाई आवद्ध गरेको हो । नेपाल स्पोर्ट्स भेन्चरको स्वामित्वमा काठमाडौं नाइट्सले लिग खेल्ने क्यानले जनाएको छ । योसँगै लिगमा ६ फ्रेन्चाइजले प्रतिस्पर्धा गर्नेछन् । अन्य टिममा विराटनगर सुपर किंग्स, जनकपुर रोयल्स, पोखरा एभेन्जर्स, लुम्बिनी अल स्टार र फार वेस्टर्न युनाइटेड छन् । क्यानले नयाँ टिम आवद्ध भए लगत्तै प्रतियोगिता डिसेम्बर २३ देखि सुरु गर्ने घोषणा पनि गरेको छ । यसअघि डिसेम्बर १२ देखि ३१ सम्म गर्ने मिति तोकिए पनि क्यानले नयाँ मिति सार्वजनिक गरेको थियो । जस अनुसार ८ पुसमा सुरु हुने प्रतियोगिताको फाइनल पुस २६ गते हुने छ । लिगमा ३० जना विदेशी खेलाडीको सहभागिता रहने छ । क्यानले छिट्टै नयाँ खेलतालिका सार्वजनिक गर्ने जनाएको छ ।








नेपाली स्टेसन जयनगरमा पानीको चरम अभाव भएको । दुबै चापाकल महिनौंदेखि खराब छन् । धाराको पानी को पाइप पनि फुटेको छ । पानी कहिल्यैं आउँदैन। पानी पिउनका लागि यात्रुले बोतलको पानी किन्नुपर्छ वा भारतीय स्टेशनममा गएर पानी पिउन पर्ने वाध्यता छ । अपाङ्ग र वृद्धवृद्धालाई धैरै समस्या छन् । स्टेशनका अधिकांश बल्वहरू फ्युज भएका छन्। रातमा अँध्यारो हुन्छ । स्टेशन भवनको भित्ताबाट पिपल बिरुवा उम्रिएर हुर्कदैं छ । स्टेशन भवनको पर्खाल फुट्ने क्रममा छ । यस सम्बन्धमा नेपाल रेलवेका प्रबन्धक निरञ्जन झासँग कुरा गर्न खोज्दा सम्पर्क हुन सकेन ।

*तस्विरः मधेशदृष्टि*

## रेडियो वीरगंजको वार्षिकोत्सवः
# रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पुरा




मधेशदृष्टि
वीरगंज, मंसिर २३ ।
मध्यतराइकै पहिलो रेडियो, रेडियो वीरगंज ९९ मेगाहर्जले आफनो प्रसारणको २० वर्ष पुरा गरी गौरवमय रुपमा २१ औँ बर्षमा प्रवेश गर्ने अवसरमा मंसिर २४ गते शनिवार विहान ७ बजे देखि आयोजना हुन गई रहेको वृहत्त रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पुरा भएको छ ।

रेडियो वीरगंजले रक्तदान कार्यक्रममा आफ्नो विशिष्ट पहिचान बनाउँदै आएको छ । यस पटक पनि विहान ७ बजे देखि हुने रक्तदान कार्यक्रममा रेडियोका आमश्रोता, विज्ञापनदाता, शुभचिन्तकको साथ साथै स्थानिय समाजसेवी, बुद्धिजीवी, उद्योगी, व्यवसायी, राजनीतिकर्मी, संचारकर्मी, प्रहरी प्रशासन लगायत समाजका हरेक वर्गको सहभागिता रहने अपेक्षा आफूले गरेको रेडियो वीरगंजका कार्यकारी अध्यक्ष ध्रुव साहले व्यक्त गरेका छन् ।

नेपाल रेडक्रस सोसाईटी, रक्त संचार केन्द्र बीरगंजको प्राविधिक सहयोगमा रेडियो परिसरमा आयोजना हुने रक्तदान कार्यक्रमको सम्पूर्ण तयारी पुरा भई सकेको र विहान ७ बजे देखि रक्तदान कार्यक्रम शुरु गर्ने प्रतिक्षामा रेडियो परिवार जुटि सकेको छ । रेडियो वीरगंज परिसरमा आयोजित रक्तदान कार्यक्रममा वारा, पर्साबाट मात्र नभई देशका विभिन्न स्थानबाट ठूलो संख्यामा रक्तदान गर्ने दाताहरुको सहभागिता हुँदै आएको छ ।

# हिंसामा परेका महिला तथा बालबालिकाका लागि सुरक्षित आवास गृह

मधेशदृष्टि
वीरगंज,मंसिर २३
पर्सामा हिंसामा परेका महिला तथा बालबालिकाका लागि सुरक्षित आवस गृह (सेफ हाउस) स्थापना गरिने भएको छ ।

वीरगञ्ज महानगरपालिकामा सुरक्षित आवास गृह स्थापना गर्न सरोकारवालाहरू एकजुट भएका हुन् । वीरगञ्जमा पालिका उपप्रमुख तथा अन्य सरोकारवालाबीच सुरक्षित आवास गृह स्थापनाका बारेमा छलफल भएको थियो ।

छलफलमा सहभागी महिला अधिकारकर्मीहरुले पर्सामा हिंसा प्रभावित महिला तथा बालबालिकाका लागि सुरक्षित आवास गृह नहुँदा समस्या भइरहेको बताएका थिए ।

घरका सदस्य, श्रीमानबाटै पीडित भएका महिला न्यायका लागि आउँदा सुरक्षित आवासको अभाव रहेको उनीहरुको भनाइ छ । हिंसा पीडित एवं महिला तथा बालबालिका न्यायका लागि आउँदा एकद्वार संकट व्यवस्थापन केन्द्र तथा जिल्ला प्रहरी कार्यालय पर्सामा रहेको महिला, बालबालिका तथा ज्येष्ठ नागरिक सेवा केन्द्रले माइती नेपाल वीरगञ्ज, आफन्त नेपाललगायत संघ संस्थाले सञ्चालन गरेको अस्थायी आवास गृहमा पठाइने गरिएको छ ।

महिला अधिकार मञ्चको केन्द्रीय सदस्य सुमित्रा पन्तले पर्सामा सेफ हाउसको कुरा चलेको लामो समय भएपनि स्थापना हुन नसकेको बताए । नारायणी अस्पतालस्थित लैंगिक हिंसासम्बन्धी एकद्वार संकट व्यवस्थापन केन्द्र (ओसीएमसी) को फोकल पर्सन नर्स हेमा थापाले केन्द्रमा आएका हिंसा पीडित महिलालाई राख्नका लागि सेफ हाउस आवश्यक देखिएको बताए । लैंगिक हिंसाविरुद्ध १६ दिने अर्न्तराष्ट्रिय अभियानअर्न्तगत दिव्य युवा क्लबले छलफल कार्यक्रम आयोजना गरेको थियो ।




# ठोरीको ठुटेखोला पुलमा सरसफाइ

मधेशदृष्टि
वीरगंज, मंसिर २३ ।
पर्साको ठोरी -२ मा रहेको सेल्फी पुलका नामले परिचित ठुटेखोला पुलमा शुक्रवार सरसफाइ गरिएको छ ।

नेपाल भारत सिमा क्षेत्र नजिकै पर्ने सो पुलको सरसफाइ गरी झण्डा फेरिएको हो । ठोरी २ का स्थानीय युवाहरुको सहभागितामा ठुटेखोला पुलमाथि सरसफाइ गरिएको र केही वर्षदेखि लगाइएको राष्ट्रिय झण्डा समेत फेरिएकोसन्चारकर्मीचिरञ्जीवी सापकोटाले जानकारी दिए । जाडो बढेसँगै आन्तरिक तथा बाह्य पर्यटकहरु ठोरी बनभोज खान र घुम्न आउने क्रम बढेकाले पर्यटकहरुलाई आकर्षण गर्नको निमित्त सरसफाइ गरिएको सापकोटाले जानकारी दिनुभयो । पुलको उत्तरपट्टी रहेको सेतोभीरको कारण पनि यस ठुटेखोला पुलबाट फोटोलिनकोलागि पनि यो पुल अत्यन्तै चर्चित छ । त्यसमाथि पुलमा फरफराइरहेको सूर्यचन्द्र अंकित नेपाली राष्ट्रिय झन्डाले पर्यटकहरुलाई झनै आकर्षित बनाएको छ ।

# महिला हिंसा विरुद्ध चेतना मुलक सडक नाटक

मधेशदृष्टि
वीरगंज, मंसिर २३ ।
वीरगञ्जको घण्टाघरमा महिला हिंसा विरुद्ध सचेतनामूलक सडक नाटक प्रदर्शन गरिएको छ ।

'सभ्य समाजको पहिचान, लैंगिक हिंसा विरुद्धको अभियान' भन्ने मुल नाराका साथ सुरु भएको महिला हिंसा विरुद्धको १६ दिने अभियान अन्तर्गत शुक्रवार १५ औं दिनमा सचेतनामुलक सडक नाटक प्रदर्शन गरिएको हो । शुक्रवार दाइजोका कारण महिलामाथि हुने गरेको हिंसाको बारेमा देखाइएको थियो ।

कार्यक्रमलाई सम्बोधन गर्दै वीरगञ्ज महानगरपालिकाका मेयर राजेशमान सिंहले गलत कार्यको प्रतिकार गर्ने हिम्मत नगर्दासम्म महिलामाथि हुने गरेका हिंसाले प्रश्रय पाउने भएकाले गलतको प्रतिकार गर्न सक्नुपर्नेमा जोड दिएका छन । देखाउनका लागि मात्र कार्यक्रम नगरी घरघरसम्मै जागरण पुग्ने गरि अभियान लैजानुपर्ने सिंहले बताए । सभ्य समाजका लागि महिलामाथि हुने हिंसा स्वीकार्य नहुने भएकोले यसलाई निर्मूल पार्न सबै एक भएर लाग्नु पर्ने उनको भनाई रहेको थियो ।

कार्यक्रममा उपप्रमुख इम्तियाज आलमले छोरीलाई आत्मनिर्भर बनाउन अभिभावक लाग्नु पर्ने भन्दै त्यसका लागि शिक्षाबाट बन्चित गर्न नहुने धारणा राखे । महानगरका प्रमुख प्रशासकीय अधिकृत लक्ष्मी पौडेलले हिंसामा परेका महिलाको उद्धार र सहयोगका लागि सेफ हाउस निर्माणमा महानगरको चासो रहेको कुरा उल्लेख गरे । जिल्ला प्रहरी कार्यालय, माइती नेपाल, आफन्त नेपाल, सानो पाइला, युवालय, आसमान नेपाल लगायतका संस्थाको समन्वयमा वीरगञ्ज महानगरपालिकाले कार्यक्रम आयोजना गरेको थियो ।








मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम उ.म.न.पा. वडा नं.-२, कदमचौक (नेपाल), E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, प्रधान सम्पादक : विश्वमणि पोखरेल